# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, पुस २६ गते २०६१ साल (अतिरिक्ताङ्क ४२ (क+२)

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको

### सूचना १

### स्थानीय स्वायत्त शासन (दोस्रो संशोधन) नियमावली, २०६१

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई संशोधन गर्न वान्छनीय भएकोले,

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "स्थानीय स्वायत्त शासन (दोस्रो संशोधन) नियमावली, २०६१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ४ मा संशोधन** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) ऐनको दफा २० को प्रयोजनको लागि श्री ५ को सरकारले देहायका पूर्वाधार भएका गाउँ विकास समितिलाई देहाय बमोजिम वर्गीकरण गर्नेछ :-

**"क" वर्ग :**

(१) जिल्लाको सदरमुकाम भएको,
वा

(२) महानगरपालिका वा उप-महानगरपालिका क्षेत्र संग सिमाना जोडिएको,
वा

(३) काठमाडौं उपत्यका भित्रको,
वा

(४) देहायका मापदण्ड पूरा गरेको, -

(क) सात हजारभन्दा बढी जनसंख्या भएको,

(ख) केन्द्रसम्म मोटर पुग्ने बाटो भएको वा केन्द्रबाट चार कोश सम्मको दूरीमा चालु अवस्थाको

विमानस्थल रहेको,

(ग) टेलिफोन तथा हुलाक सुविधा भएको र पचास प्रतिशत वा सोभन्दा बढी जनसंख्याले विद्युत सेवा उपभोग गर्न पाएको,

(घ) कम्तीमा माध्यमिक विद्यालय भएको र पचास प्रतिशत वा सोभन्दा बढी जनसंख्या साक्षर भएको,

(ङ) कम्तीमा उपस्वास्थ्य चौकी भएको र पचास प्रतिशत वा सोभन्दा बढी जनसंख्याले पाइप वा ट्यूववेलको खानेपानी उपयोग गर्न पाएको ।

**"ख" वर्ग**

(१) तीन हजार भन्दा बढी जनसंख्या भएको,

(२) केन्द्रसम्म मोटर पुग्ने बाटो भएको वा केन्द्रबाट आठ कोशसम्मको दूरीमा चालू अवस्थाको विमानस्थल रहेको,

(३) हुलाकको सुविधा भएको तथा कम्तीमा पच्चीस प्रतिशत जनसंख्याले विद्युत सेवा उपभोग गर्न पाएको,

(४) कम्तीमा निम्न माध्यमिक विद्यालय भएको तथा पैंतालीस प्रतिशत भन्दा बढी जनसंख्या साक्षर भएको,

(५) कम्तीमा उपस्वास्थ्य चौकी भएको र पैंतालीस प्रतिशत भन्दा बढी जनसंख्याले पाइप वा ट्यूववेलको खाने पानी उपयोग गर्न पाएको ।

**"ग" वर्ग**

(१) दुई हजार भन्दा बढी जनसंख्या भएको,

(२) केन्द्रसम्म मोटर पुग्ने बाटो नभएको वा केन्द्रबाट आठ कोष भन्दा टाढाको दूरीमा चालु अवस्थाको विमानस्थल रहेको,

(३) पन्ध्र प्रतिशत भन्दा बढी जनसंख्याले विद्युत सेवा उपभोग गर्न पाएको,

(४) कम्तीमा निम्न माध्यमिक विद्यालय भएको तथा तीस प्रतिशतभन्दा बढी जनसंख्या साक्षर भएको,

(५) कम्तीमा पच्चीस प्रतिशत जनसंख्यालाई पाइपको खानेपानी सुविधा भएको ।

**"घ" वर्ग :**

श्री ५ को सरकारले दुर्गम क्षेत्र भनी तोकेका जिल्लाका अति दुर्गम गाउँ विकास समितिं र (क), (ख) र (ग) वर्गमा नपरेका गाउँ विकास समिति ।"

३. **मूल नियमावलीको नियम ४६ मा संशोधन** : मूल नियमावलीको नियम ४६ को,

(१) उप-नियम (४) मा रहेको "जिल्लाका" भन्ने शब्द झिकिएको छ ।

(२) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छ :-

"(७) लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई गाउँ परिषदबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।"

४. **मूल नियमावलीको नियम ४९ मा संशोधन**: मूल नियमावलीको नियम ४९ को सट्टा देहायको नियम ४९ राखिएको छ :-

"४९. **निर्माण कार्यको स्वीकृति सम्बन्धी कार्यविधि:** (१) ऐनको दफा २८ को उपदफा (१) को खण्ड (च) को उपखण्ड (२) को प्रयोजनको लागि गाउँ विकास समिति क्षेत्रभित्र निर्माण हुने घर, भवन, सडक वा अन्य भौतिक पूर्वाधार निर्माण कार्यको मापदण्ड गाउँ विकास समितिले तयार गर्नु पर्नेछ ।

(२) गाउँ विकास क्षेत्रभित्र घर, भवन, सडक वा अन्य संरचना निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो घर, भवन वा अन्य संरचनाको आकार प्रकार, लम्बाई, चौडाई खुलाई घर, सडक वा अन्य संरचना निर्माण गरिने जग्गाको हक देखिने प्रमाण वा अरुको जग्गामा घर, भवन, सडक वा अन्य भौतिक संरचना निर्माण गर्ने भए जग्गाधनीको मन्जुरीनामा सहितको कागजात र "क" वर्गका गाउँ विकास समिति क्षेत्रमा भए नक्सा समेत संलग्न गरी देहाय बमोजिमको दस्तुर सहित अध्यक्ष समक्ष दरखास्त दिनु पर्नेछ:-

(१) आवासीय प्रयोजनको लागि,-

(अ) "क" वर्गको गाउँ विकास समिति क्षेत्रमा भए पाँच सय रुपैयाँ ।

(आ) अन्य वर्गको गाउँ विकास समिति क्षेत्रमा भए दश रुपैयाँ ।

(२) व्यापारिक वा अन्य प्रयोजनको लागि,-

(अ) "क" वर्गको गाउँ विकास समिति क्षेत्रमा भए एक हजार रुपैयाँ ।

(आ) अन्य वर्गको गाउँ विकास समिति क्षेत्रमा भए दुई सय रुपैयाँ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

स्पष्टीकरण : यस नियममा रहेका "घर वा भवन निर्माण" भन्नाले नयाँ घर वा भवन वनाउने, पुरानो भत्काई पुनः निर्माण गर्ने, तल्ला थप गर्ने, मोहडा फेर्ने वा साविकमा थपघट गरी झ्याल, ढोका, वार्दली, कौशी, दलान, टहरा, तवेला वा ग्यारेज वनाउने वा कम्पाउण्ड वाल लगाउने कार्य सम्झनु पर्छ ।

(३) उपनियम (२) वमोजिम नयाँ भवन निर्माण गर्ने नक्सामा अन्य कुराहरुको अतिरिक्त सो भवनको छुट्टै चर्पी र सकपिट तथा त्यस्तो भवन अर्को भवनसंग जोडी वनाउने भएमा सो भवनको छुट्टै किल्लास रहने गरी नक्सामा खुलाउनु पर्नेछ ।

(४) "क" वर्ग वाहेकका अन्य गाउँ विकास समितिको हकमा उपनियम (२) वमोजिम दरखास्त परेकोमा आवश्यक जाँचबुझ गरी सो उपर तीन दिनभित्र अध्यक्षले स्वीकृति दिनु पर्नेछ ।

(५) "क" वर्गको गाउँ विकास समिति क्षेत्रमा भवन निर्माण गर्ने अनुमतिको लागि उपनियम (२) वमोजिम दरखास्त परेपछि सो दरखास्त रीतपूर्वकको छ छैन जाँचवुझ गरी रीत नपुगेको भए सो पुऱ्याउन लगाई रीतपूर्वकको दरखास्त परेको सात दिनभित्र देहाय बमोजिम गर्नु, गराउनु पर्नेछ :-

(१) भवन निर्माणबाट कुनै संधियारलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई पन्ध्र दिनभित्र उजुर गर्न आउनु भनी आफ्नो कार्यालयमा, संधियारको घर दैलोमा र भवन निर्माण हुने ठाउँमा सबैले देख्ने गरी सूचना टास्ने,

(२) उपखण्ड (१) बमोजिमको सूचनामा उल्लेख भए बमोजिमको म्याद समाप्त भएको मितिले तीन दिनभित्र गाउँ विकास समितिको कर्मचारी खटाई दरखास्त उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँच गर्न लगाउने ।

(६) अध्यक्षले यस नियम बमोजिम आफूलाई प्राप्त अधिकार उपाध्यक्ष वा अन्य कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(७) श्री ५ को सरकार वा जिल्ला विकास समितिबाट स्वीकृत आयोजना बमोजिमको सडक तथा अन्य पूर्वाधार संरचना निर्माण गर्न यस नियम बमोजिम गाउँ विकास समितिको स्वीकृति लिनु पर्ने छैन । "

५. **मूल नियमावलीमा नियम ४९क., ४९ख., ४९ग., ४९घ., ४९ङ.,४९च. र ४९छ. थप:** मूल नियमावलीको नियम ४९ पछि देहायका नियम ४९क., ४९ख., ४९ग., ४९घ., ४९ङ, ४९च. र ४९छ. थपिएका छन् :-

"४९क. अनुमति दिने :(१) नियम ४९ को उपनियम (५) को खण्ड (२) बमोजिम खटिएका कर्मचारीहरुले भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँचबुझ गर्न सरजमिन गर्नु पर्नेछ । यसरी सरजमिन गर्दा उपस्थित भएका व्यक्तिले भनेका कुराहरु समेत खुलाई सरजमिन मुचुल्का तयार गरी दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुरा उल्लेख गरी त्यसरी सर्जमिन गरेको मितिले तीन दिनभित्र गाउँ विकास समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) नियम ५ को उपनियम (१) बमोजिम सूचना दिएकोमा कुनै उजुरी नपरे वा उपनियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएको मितिले सात दिनभित्र अध्यक्षले भवन निर्माण गर्ने अनुमति दिनु पर्नेछ ।

(३) नियम ४९ को उपनियम (४) को खण्ड (१) को उपखण्ड (१) बमोजिम सूचना टाँसेपछि कुनै उजुरी परेमा सम्बन्धित पक्षलाई बोलाई तथ्य कुरा पत्ता लगाई हक बेहकमा निर्णय दिनु पर्ने अवस्थामा वाहेक अन्यमा उपनियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएको मितिले सात दिनभित्र अध्यक्षले अनुमति दिनु पर्नेछ ।

४९ख. नक्सामा हेरफेर गर्ने अधिकार: नियम ४९क. को उपनियम (२) बमोजिम भवन निर्माण गर्ने अनुमति पाए पछि नक्सामा केही हेरफेर गर्नु परेमा तल्ला थप्ने, मोहडा बदल्ने वा लम्बाई, चौडाई बढाउने कुरा वाहेक निर्धारित मापदण्डमा प्रतिकूल असर नपर्ने गरी अन्य कुरा गर्नको लागि अध्यक्षले नक्सामा हेरफेर गर्न स्वीकृति दिन सक्नेछ ।

४९ग. सूचना दिने: नियम ४९ को उपनियम (१) को मापदण्ड विपरीत भएमा वा नियम ४९क. को उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदन अनुसार भवन निर्माण गर्न अनुमति दिन नमिल्ने भएमा अध्यक्षले त्यसको कारण खुलाई भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिने व्यक्ति वा संस्थालाई सूचना दिनु पर्नेछ ।

४९घ. उजुरी दिन सक्ने: (१) अध्यक्षले तोकिएको म्यादभित्र भवन निर्माण गर्न अनुमति नदिएमा त्यस्तो म्याद समाप्त भएको मितिले वा नियम ४९ग. बमोजिम दिइएको सूचनामा चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले पैतीस दिनभित्र भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिने व्यक्ति वा संस्थाले गाउँ विकास समिति समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजुरी परेमा गाउँ विकास समितिले तथ्य कुरा बुझी अनुमति दिनु पर्ने देखिएमा यथाशिघ्र अनुमति दिनको लागि अध्यक्षलाई निर्देशन दिनु पर्नेछ ।

४९ङ. भवन निर्माण गर्नु पर्ने अवधि: (१) भवन निर्माण गर्न अनुमति पाएकोमा त्यसरी अनुमति पाएको मितिले दुई वर्षभित्र त्यस्तो भवन निर्माण गरी सक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र भवन निर्माण गर्न नसकेमा म्याद थपको लागि अध्यक्ष समक्ष दरखास्त दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम कुनै दरखास्त परेमा अध्यक्षले पहिले लागेको दस्तुरको पाँच प्रतिशत थप दस्तुर लिई दुई वर्षको लागि भवन निर्माण गर्ने म्याद थप गरिदिन सक्नेछ ।

४९च. जाँचबुझ: (१) गाउँ विकास समिति क्षेत्रमा निर्माण गरेका वा गरिरहेको भवनको सम्बन्धमा अध्यक्षले देहायको कुराहरुको जाँचबुझ गर्न वा गराउन सक्नेछ :-

(क) त्यस्तो भवन निर्माण गर्न यस नियम बमोजिम अनुमति लिएको छ, छैन,

(ख) त्यस्तो भवन यस नियम बमोजिम स्वीकृत भएको नक्सा अनुसार निर्माण भएको वा भइरहेको छ, छैन,

(ग) त्यस्तो भवनले सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिचेको छ, छैन ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा कसैले यस नियम बमोजिम अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची निर्माण कार्य गरेको वा गरिरहेको देखेमा अध्यक्षले सो कार्य तुरुन्त रोक्न लगाई यस नियम बमोजिम निर्माण गर्न लगाउन सक्नेछ ।

४९छ. दस्तुर: भवन निर्माण गर्ने अनुमति दिंदा "क" वर्गका गाउँ विकास समिति क्षेत्रमा गाउँ परिषद्ले तोकेको दर बमोजिमको दस्तुर लाग्नेछ ।"

**६. मूल नियमावलीको नियम ६४ मा संशोधन :** मूल नियमावलीको नियम ६४ को,-

(१) उपनियम (१) को खण्ड (त्र) पछि देहायको खण्ड (ट) थपिएको छ :-

"(ट) गरिवी र सामाजिक परिचालन नक्सांकन एवं दलित तथा जनजातिको अवस्थिति ।"

(२) उपनियम (२) को सट्टा देहायको उप नियम (२) राखिएको छ :-

"(२) स्रोत नक्सा तयार गर्दा स्केल खुलाउनु पर्नेछ ।"

**७. मूल नियमावलीको नियम ६६ मा संशोधन :** मूल नियमावलीको नियम ६६ को उपनियम (१२) पछि देहायको उपनियम (१३) थपिएको छ :-

"(१३) गाउँ विकास समितिले वार्षिक योजना तयार गर्दा आवधिक योजनाको आधारमा गर्नु पर्नेछ ।"

**८. मूल नियमावलीको नियम ६९ मा संशोधन :** मूल नियमावलीको नियम ६९ को उप नियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) गाउँ विकास समितिको उपाध्यक्ष - संयोजक"

**९. मूल नियमावलीको नियम ११६ मा संशोधन :** मूल नियमावलीको नियम ११६ को उपनियम (३) पछि देहायका उपनियम ३क. र ३ख. थपिएका छन् :-

"३क. लेखा समितिले दर्तावाल लेखा परीक्षकको नाम सूचीकृत गरी कम्तीमा तीन जना व्यक्ति वा फर्मको नाम नगर परिषद् समक्ष सिफारिस गर्नुपर्नेछ ।

३ख. लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई नगर परिषद्बाट स्वीकृत गराई लागू गर्नुपर्नेछ ।"

**१०. मूल नियमावलीमा नियम ११६क. थप:** मूल नियमावलीको नियम ११६ पछि देहायको नियम ११६क. थपिएको छ:-

"**११६क. लेखा समितिको सचिव** : नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाको प्रमुखले लेखा समितिको सचिव भई काम गर्नेछ ।"

**११. मूल नियमावलीमा नियम ११८क. थप:** मूल नियमावलीको नियम ११८ पछि देहायको नियम ११८क. थपिएको छ :-

"**११८क. नगरस्तरीय राजस्व परामर्श समिति:** (१) नगरपालिकालाई राजश्व सम्बन्धी परामर्श दिन प्रत्येक नगरपालिकामा देहाय बमोजिमका संयोजक तथा सदस्य रहेको एक नगरस्तरीय राजश्व परामर्श समिति रहनेछ :-

(क) नगरपालिकाको प्रमुख – संयोजक

(ख) आन्तरिक राजस्व कार्यालयका प्रतिनिधि वा आन्तरिक राजस्व कार्यालय नभएको नगरपालिकामा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि – सदस्य

(ग) उद्योग वाणिज्य संघका जिल्ला अध्यक्ष वा निजले तोकेको संघको सदस्य – सदस्य

(घ) आफ्ना करदातामध्येबाट नगरपालिकाले मनोनयन गरेको व्यक्ति – सदस्य

(ङ) नगरपालिकाको सचिव –सदस्य-सचिव।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम मनोनीत व्यक्तिको पदावधि दुई वर्षको हुनेछ । निजको पुन: मनोनयन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

हुन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको परामर्श समितिको कार्यविधि नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिमको परामर्श समितिले सम्बन्धित क्षेत्रका विज्ञ, पेशागत र व्यावसायिक संगठनका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

१२. **मूल नियमावलीको नियम १३४ मा संशोधन** : मूल नियमावलीको नियम १३४ को,

(१) उप नियम (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छ :-

"(ट) गरिबी र सामाजिक परिचालन नक्सांकन एवं दलित तथा जनजातीको अवस्थिति ।"

(२) उपनियम (२) को सट्टा देहायको उप नियम (२) राखिएको छ :-

"(२) स्रोत नक्सा तयार गर्दा स्केल खुलाउनु पर्नेछ ।"

१३. **मूल नियमावलीको नियम १४४ मा संशोधन** : मूल नियमावलीको नियम १४४ को उप नियम (५) को खण्ड (ग) मा रहेका "१० प्रतिशतदेखि ४० प्रतिशतसम्म" भन्ने शब्दहरुको सट्टा "दस प्रतिशतदेखि बीस प्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

१४. **मूल नियमावलीको नियम १५० मा संशोधन : मूल नियमावलीको नियम १५० को सट्टा देहायको नियम १५० राखिएको छ :**

"१५०. **जिल्ला विकास समितिको वर्गी करण** : (१) ऐनको दफा १८४ को प्रयोजनको लागि श्री ५ को सरकारले देहायको पूर्वाधार भएको जिल्ला विकास समितिलाई देहाय बमोजिम "क", "ख", "ग" र "घ" वर्गमा वर्गीकरण गर्ने छ :-

**"क" वर्ग:**

(१) जिल्लाको सदरमुकामसम्म र कम्तिमा आधा गाउँ विकास समितिहरुमा वर्ष भरी नै आवागमन हुने मोटरबाटोको व्यवस्था भएको ,

(२) आवधिक योजनामा लक्षित राष्ट्रिय सूचकांकले शिक्षा क्षेत्रमा निर्धारण गरेको उपलब्धि हासिल गरेको ,

(३) जिल्लामा कम्तीमा एकसय पचास लाइन टेलिफोन भएको वा पचहत्तर प्रतिशत गाउँ विकास समितिमा टेलिफोन सुविधा भएको ,

(४) आवधिक योजनामा लक्षित राष्ट्रिय सूचकांकले स्वास्थ्य क्षेत्रमा निर्धारण गरेको उपलब्धि हासिल गरेको ।

"ख" वर्ग:

(१) जिल्लाको सदरमुकामसम्म वर्षभरी नै आवागमन हुने मोटरबाटोको व्यवस्था भएको ।

(२) आवाधिक योजनामा लक्षित राष्ट्रिय सूचकांकले शिक्षा क्षेत्रमा निर्धारण गरेको उपलब्धीको कम्तिमा नब्बे प्रतिशत हासिल गरेको ।

(३) जिल्लामा कम्तिमा एक सय पच्चिस लाइन टेलिफोन भएको वा साठी प्रतिशत गाउँ विकास समितिमा टेलिफोन सुविधा भएको ।

(४) आवाधिक योजनामा लक्षित राष्ट्रिय सूचकांकले स्वास्थ्य क्षेत्रमा निर्धारण गरेको कम्तिमा नब्बे प्रतिशत उपलब्धि हासिल गरेको ।

"ग" वर्ग:

(१) जिल्लाको सदरमुकामसम्म मोटरबाटोको व्यवस्था भएको ।

(२) आवाधिक योजनामा लक्षित राष्ट्रिय सूचकांकले शिक्षा क्षेत्रमा निर्धारण गरेको उपलब्धीको कम्तिमा पचहत्तर प्रतिशत हासिल गरेको ।

(३) जिल्लामा कम्तिमा एकसय लाइन टेलिफोन भएको वा पचास प्रतिशत गाउँ विकास समितिमा टेलिफोन सुविधा भएको ।

(४) आवाधिक योजनामा लक्षित राष्ट्रिय सूचकांकले स्वास्थ्य क्षेत्रमा निर्धारण गरेको कम्तिमा पचहत्तर प्रतिशत उपलब्धि हासिल गरेको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"घ" वर्ग :

माथि खण्ड (क), (ख) र (ग) वर्गको वर्गीकरणमा नपरेका जिल्ला विकास समितिहरु ।"

१५. **मूल नियमावलीको नियम १८१ मा संशोधन :** मूल नियमावलीको नियम १८१ को उपनियम (१) मा रहेका "चौबीस घण्टा" भन्ने शब्दहरुको सट्टा "बहत्तर घण्टा" भन्ने शब्दहरु राखिएका छन् ।

१६. **मूल नियमावलीको नियम १९२ मा संशोधन :** मूल नियमावलीको नियम १९२ को,-

(१) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका वनाई जिल्ला परिपद्‌वाट स्वीकृत गराई लागू गर्नुपर्नेछ ।"

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"४. लेखा समितिको बैठक कम्तीमा महिनाको एक पटक वस्नेछ ।"

१७. **मूल नियमावलीमा नियम १९२क. थप :** मूल नियमावलीको नियम १९२ पछि देहायको नियम १९२क. थपिएको छ :-

"१९२क. लेखा समितिको सचिवः आन्तरिक लेखा परीक्षण शाखाको प्रमुखले लेखा समितिको सचिव भई काम गर्नेछ ।"

१८. **मूल नियमावलीमा नियम १९३क. थप :** मूल नियमावलीको नियम १९३ पछि देहायको नियम १९३क. थपिएको छ :-

**"१९३क. जिल्ला स्तरीय राजस्व परामर्श समितिः** (१) नगरपालिका क्षेत्रमा वाहेक जिल्ला विकास समिति र गाउँ विकास समितिलाई राजश्व सम्बन्धी परामर्श दिन प्रत्येक जिल्लामा देहाय बमोजिमको संयोजक तथा सदस्य भएका एक जिल्लास्तरीय राजश्व परामर्श समिति रहनेछ :-

(क) जिल्ला विकास समितिका सभापति - संयोजक

(ख) आन्तरिक राजस्व कार्यालयका प्रतिनिधि वा सो नभएका जिल्लामा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि - सदस्य

(ग) उद्योग वाणिज्य संघका जिल्ला अध्यक्ष वा निजले तोकेको संघको सदस्य - सदस्य

(घ) गाउँ विकास समिति महासंघ, जिल्ला कार्यसमितिको अध्यक्ष - सदस्य

(ङ) जिल्ला विकास समितिको सचिव वा निजले तोकेको अधिकृत - सदस्य-सचिव ।

(२) उपनियम (१) बमोजिमको परामर्श समितिको कार्यविधि जिल्ला विकास समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिमको परामर्श समितिले नगरस्तरीय राजस्व परामर्श समितिको प्रतिनिधि, सम्वन्धित क्षेत्रका विज्ञ र पेशागत संगठनका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

१९. **मूल नियमावलीको नियम १९७ मा संशोधन :** मूल नियमावलीको निमय १९७ को,

(१) उप नियम (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छ :-

"(ट) गरिवी र सामाजिक नक्सांकन एवम् दलित तथा जनजातीको अवस्थिति ।"

(२) उप नियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ

"(२) स्रोत नक्सा तयार गर्दा स्केल खुलाउनु पर्नेछ ।"

२०. **मूल नियमावलीको नियम २०२ मा संशोधन :** मूल नियमावलीको नियम २०२ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) जिल्ला विकास समितिको उप सभापति - संयोजक"

२१. **मूल नियमावलीको नियम २०७ मा संशोधन :** मूल नियमावलीको नियम २०७ को सट्टा देहायको नियम २०७ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२०७. **जिल्ला विकास समितिले लगाउन सक्ने करको दर :** (१) जिल्ला विकास समितिले ऐनको दफा २१५ बमोजिम देहायका वस्तुमा देहायको दरको कर लगाई असुल उपर गर्न सक्नेछ :-

(क) **सवारी साधन करको दर :** आफ्नो श्रोतबाट निर्माण गरेको वा आफूलाई हस्तान्तरण भई आएको सडक तथा पुलबाट आवागमन गर्ने सवारी साधनमा अनुसूचि-२३ को खण्ड (१) मा तोकिए बमोजिमका दरले पटके सवारी साधन कर।

(ख) **निकासी करको दर :** आफनो जिल्ला भित्र उत्पादन भई निकासी हुने अनुसूचि-२३ को खण्ड (२) मा उल्लिखित वस्तुहरुमा सोही अनुसूचीमा तोकिएको दरको कर।

(ग) **कवाडी मालसामानमा लाग्ने करको दर :**

(१) **स्वदेशी उद्योगले पुनः प्रयोग (रीयूज) गर्ने कवाडी वस्तु:** स्वदेशमा स्थापना भएका उद्योगहरुले यथास्थितिमा पुनः प्रयोग गर्ने अनुसूचि २३ को खण्ड (३) मा तोकिएका कवाडी मालसामानमा सोही अनुसूचीमा तोकिएको दरको कर।

(२) **पुनःप्रशोधन (रीसाइकलींग) गरी प्रयोग हुन सक्ने कवाडी वस्तु** : पुनः प्रशोधन भई प्रयोग हुन सक्ने कवाडी मालसामानमा अनुसूची २३ को खण्ड (४) मा तोकिएका कवाडी मालसामानमा सोही अनुसूचीमा तोकिएको दरको कर।

स्पष्टिकरण : यस नियमको प्रयोजनको लागि "कवाडी मालसामान" भन्नाले हल्का पेय पदार्थका बोतल/क्रेट, अण्डा र दुध ओसार पसार गर्ने क्रेट, ग्याँस सिलिण्डर, धातुजन्य औद्योगिक वस्तु उत्पादन भई बाँकी रहन गएको (सम्बन्धित उद्योगबाट प्रमाणित भएको) कच्चा पदार्थ वाहेक कन्टेनर सहितको मूल्य समावेश भई बिक्री हुने र पुनःप्रयोगमा आउने मालसामान वा वस्तुलाई सम्झनु पर्छ।

(घ) **पंक्षीका प्वाँखको करको दर** : प्रचलित कानूनले निषेध गरे बाहेकका अनुसूची २३ को खण्ड (५) मा तोकिएका पक्षीहरुको प्वाँखमा सोही अनुसूचीमा तोकिएको दरको कर।

(ङ) **पशुको हाड, सिंग, खुर, छालाको करको दर :** प्रचलित कानूनले निषेध गरे वाहेकका मरेका वा मारिएका पशुको हाड, सिंग, खुर, छालामा अनुसूची २३ को खण्ड (६) मा तोकिएको दरको कर।

(च) **कृषि, पशु तथा पशुजन्य वस्तुको करको दर :** जिल्लाभित्र व्यावसायिक प्रयोजनको उद्देश्यले उत्पादन भएका कृषि तथा पशुजन्य वस्तु र चौपायाको व्यापारको हकमा नियम १९३क. बमोजिमको परामर्श समिति, वस्तुगत वाणिज्य संघ, कृषक समूह, नागरिक समाज वा कृषि सँग सम्बन्धित सहकारी संस्थाको सल्लाहमा सो वस्तुको प्रचलित बजार मूल्यको एक प्रतिशतमा नबढ्ने गरी जिल्ला परिषद्ले निर्धारण गरेको दर र कार्यविधि बमोजिम कर उठाउन सकिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिम कर उठाउँदा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) आयात गरिएका कुनै पनि कच्चा पदार्थमा कर लिन पाइने छैन र त्यस्ता पदार्थको जानकारी लिदा भन्सार प्रज्ञापन पत्रलाई आधार मान्नु पर्नेछ।

(ख) कर, शुल्क, दस्तुर उठाउँदा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरी सूचना पाटीमा टाँस्नु पर्नेछ।

(ग) जिल्ला विकास समितिले लगाउने कर तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। यस्तो कर सम्बन्धित स्थानीय निकायबाट संकलन तथा निकासी गर्न सूचिकृत भएका वा प्रमाणपत्र पाएका फर्म/व्यक्तिहरुबाट प्रतिस्पर्धा गराई कर र शुल्क उठाउने व्यवस्था गर्नु पर्नेछ।

(घ) यस नियमावली बमोजिम उठाइने कर प्रचलित कानून बमोजिम तोकीएका राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी संकलन गर्न पाइने छैन।

(ङ) मार्वल र चुनढुंगामा कर संकलन गर्न पाइने छैन।"

२२. **मूल नियमावलीको नियम २११ मा संशोधन :** मूल नियमावलीको नियम २११ मा "अनुसूची-२६ मा उल्लेख भए बमोजिम हुनेछ" भन्ने शब्दहरुको सट्टा " राजश्व असूल गर्ने कार्यालयको नाममा छुट्टै बैंक खाता खोली जम्मा गरिनेछ र सो खाताबाट अनुसूची-२६ बमोजिम सम्वन्धित जिल्ला विकास समितिलाई उपलव्ध गराउनु पर्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**२३. मूल नियमावलीको नियम २१२ मा संशोधन :** मूल नियमावलीको नियम २१२ को,-

(१) उपनियम (२) को खण्ड -क) को उपखण्ड (२) पछि देहायका उपखण्ड (३) र (४) थपिएका छन् :-

"(३) अधिकृत स्तर आठौ तह,

(४) अधिकृत स्तर नवौ तह ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नियम २ को खण्ड -क) को उपखण्ड (३) र (४) बमोजिमका पदहरु वार्षिक दश करोडभन्दा बढी आन्तरिक आम्दानी भएका स्थानीय निकायमा मात्र रहनेछन् ।"

**२४. मूल नियमावलीको नियम २१३ मा संशोधन :** मूल नियमावलीको नियम २१३ को,-

(१) उपनियम (२) मा रहेको "नियुक्ति हुनका लागि आवश्यक पर्ने न्यूनतम योग्यता" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उप नियम (२) पछि देहायको उप नियम (३) राखिएको छ :

"(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएपछि फोहर मैला, विद्युत, खानेपानी आपूर्ति, सुरक्षा, सरसफाइ, बगैचा हेरचाह, फोटोकपी जस्ता कार्यका लागि स्थायी कर्मचारी नियुक्ति गरिने छैन । यस्ता कामहरु सेवा करारबाट गर्नु गराउनु पर्नेछ ।

तर यो नियम प्रारम्भ हुन पूर्व वहाल रहेका यस्ता कार्यमा संलग्न स्थायी कर्मचारीहरु सो पदमा वहाल रहेसम्म निजहरुबाट नै उक्त कार्य गर्न गराउन बाधा पर्ने छैन ।"

**२५. मूल नियमावलीको नियम २१४ मा संशोधन :** मूल नियमावलीको नियम २१४ को खण्ड -च) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :-

"खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय निकायको कुनै पदमा अस्थायी नियुक्ति पाई कम्तीमा एक वर्ष अविच्छिन्न रुपमा सेवा गरिरहेका कर्मचारीको हकमा यो नियम प्रारम्भ भएपछि हुने सम्बन्धित स्थानीय निकायको विज्ञापनमा एक पटक उम्मेदवार हुन उमेरको बन्देज लाग्ने छैन ।"

**२६. मूल नियमावलीको नियम २१५ मा संशोधन :** मूल नियमावलीको नियम २१५ को उप नियम (५) पछि देहायको उप नियम (६) थपिएको छ :-

"(६) पदपूर्ति समितिको अध्यक्षको पदावधि ५ वर्षको हुनेछ ।"

**२७. मूल नियमावलीको नियम २२३ मा संशोधन :** मूल नियमावलीको नियम २२३ को उप नियम (१) मा रहेका "अधिकृत स्तर सातौं" भन्ने शब्दहरू पछि "आठौ र नवौ" भन्ने शब्दहरू थपिएका छन् ।

**२८ मूल नियमावलीमा नियम २२५क. थप :** मूल नियमावलीको नियम २२५ पछि देहायको नियम २२५क. थपिएको छ :-

"**२२५क. न्यूनतम शैक्षिक योग्यता :** स्थानीय निकायमा काम गर्ने कर्मचारीको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता देहाय बमोजिम हुनेछ :-

(क) अधिकृत स्तरका कर्मचारीको लागि कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ।

(ख) सहायक स्तर पाँचौं तहका कर्मचारीको लागि प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

(ग) सहायक स्तर चौथो तहका कर्मचारीको लागि प्रवेशिका वा सो सरह उत्तीर्ण गरेको ।

(घ) सहायक स्तर तेस्रो तहका कर्मचारीको लागि दशम कक्षा वा सोसरह उत्तीर्ण गरेको ।

(ङ) सहायक स्तर दोस्रो तहका कर्मचारीको लागि आठ कक्षा उत्तीर्ण गरेको ।

(च) सहायक स्तर पहिलो तहका कर्मचारीको लागि साधारण लेखपढ गर्न जान्ने ।"

**२९. मूल नियमावलीको नियम २५९ मा संशोधन:** मूल नियमावलीको नियम २५९ को सट्टा देहायको नियम २५९ राखिएको छ :-

"**२५९. तालिम** : (१) स्थानीय निकायका कर्मचारीको कार्य क्षमता अभिवृद्धि गर्न स्थानीय निकाय आफैले सेवा प्रवेश तथा सेवाकालिन तालिमको आयोजना गर्न वा अन्य तालिम दिने स्वीकृत संस्थामा पठाउन सक्नेछ ।

(२) स्थानीय निकायका कर्मचारीलाई तालिमको अंक दिदा पाँच हप्ता वा सोभन्दा बढी अवधिको सेवाकालिन तालिम वापत अंक दिइनेछ । तालिमको अंक गणना गर्दा जुन तहमा छंदा तालिमको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनोनयन भएको हो सोही तहको लागि मात्र गणना गरिनेछ ।

(३) स्थानीय निकायका कर्मचारीले शैक्षिक योग्यता र सेवाकालिन तालिमको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । सो पेश नगरेमा त्यस वापत अंक दिइने छैन ।"

३०. **मूल नियमावलीको नियम २६२ मा संशोधनः** मूल नियमावलीको नियम २६२ को सट्टा देहायको नियम २६२ राखिएको छ :

"२६२. **कार्यसम्पादन मूल्यांकनः** स्थानीय निकायका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन सम्वन्धी व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ ।"

३१. **मूल नियमावलीमा नियम २६८क. थप** : मूल नियमावलीको नियम २६८ पछि देहायको नियम २६८ क. थपिएको छ :-

"२६८क. **संचयकोष जम्मा गर्ने** (१) स्थानीय निकायको स्थायी कर्मचारीले पाउने प्रत्येक महिनाको तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा स्थानीय निकायले सत प्रतिशत रकम थप गरी हुन आउने रकम संचयकोषमा जम्मा गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम रकम जम्मा गर्ने कर्मचारी जुनसुकै व्यहोराले स्थानीय निकायको सेवाबाट अलग भएमा निज वा निजले इच्छाएको व्यक्तिले त्यस्तो रकम एकमुष्ठ लिन पाउनेछ ।"

३२. **मूल नियमावलीमा नियम २७३क., २७३ख., २७३ग. र २७३घ थप** : मूल नियमावलीको नियम २७३ पछि देहायका नियम २७३क, २७३ख., २७३ग र २७३घ. थपिएका छन् :-

"२७३क. **सार्वजनिक निजी क्षेत्र साझेदारी प्रवर्द्धन समितिः** (१) सार्वजनिक निजी क्षेत्र साझेदारी प्रणालीलाई प्रोत्साहन र व्यवसिगर्न प्रत्येक स्थानीय निकायमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहेको एक समिति रहनेछ :-

(क) सम्बन्धित स्थानीय निकायका प्रमुख - अध्यक्ष

(ख) स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकको प्रतिनिधि एक जना - सदस्य

(ग) सम्बन्धित स्थानीय निकायले मनोनयन गरेको सार्वजनिक-निजी साझेदारी सम्बन्धी ज्ञान भएको स्थानीय नागरिक समाजको प्रतिनिधि एक जना - सदस्य

(घ) स्थानीय निकायले मनोनयन गरेको सार्वजनिक निजी क्षेत्रसँग सम्बन्धित विशेषज्ञ प्रतिनिधि एक जना - सदस्य

(ङ) सम्बन्धित स्थानीय निकायको सचिव वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य-सचिव ।

(२) उपनियम (१) को खण्ड -ग) र (घ) बमोजिम मनोनित प्रतिनिधिको पदावधि दुई वर्षको हुनेछ । निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको कार्यविधि सम्बन्धित स्थानीय निकायले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले आवश्यक देखेमा सम्बन्धित विषयका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२७३ख. **स्थानीय निकाय राजस्व सुझाव समितिः** (१) ऐन तथा यस नियमावली बमोजिम स्थानीय निकायले लगाउन पाउने कर दस्तुर, कर दस्तुरको दर तथा कर संकलन कार्यविधि सम्बन्धमा मन्त्रालयलाई राय सुझाव दिन मन्त्रालयले देहाय बमोजिमका पदाधिकारी रहेको स्थानीय निकाय राजस्व सुझाव समितिको गठन गर्नेछ :-

(क) मन्त्रालयको सचिवले तोकेको मन्त्रालयको राजपत्राकित प्रथम श्रेणीको अधिकृत - संयोजक

(ख) स्थानीय निकाय वित्तीय आयोगको सचिवालयका सदस्य सचिव - सदस्य

(ग) नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि एकजना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अर्थ मन्त्रालयका प्रतिनिधि एकजना - सदस्य
(ङ) नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधि एकजना - सदस्य
(च) स्थानीय निकायका संघ तथा महासंघका प्रतिनिधिहरु एक, एकजना - सदस्य
(छ) मन्त्रालयको नगरपालिका व्यवस्था महाशाखा प्रमुख - सदस्य
(ज) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रतिनिधि एकजना - सदस्य
(झ) विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन कार्य समितिको राजस्व विज्ञ एकजना - सदस्य
(ञ) मन्त्रालयको विकेन्द्रीत कार्य योजना समन्वय शाखा प्रमुख - सदस्य-सचिव ।

(२) उपनियम (१) बमोजिमको समितिको कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले सम्बन्धित क्षेत्रका विज्ञ र अन्य आवश्यक व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२७३ग. **स्थानीय निकाय संयुक्त समितिको व्यवस्था**: (१) स्थानीय निकायले देहायका कार्य गर्नका लागि स्थानीय निकाय संयुक्त समिति गठन गर्न सक्नेछन् :-

(क) भू-उपयोग र भौतिक विकास योजना,
(ख) आन्तरिक आय संकलन, व्यवस्थापन र बाँडफाँड,
(ग) प्राकृतिक श्रोतको बाँडफाँड र उपयोग,
(घ) सडक यातायात संचालन र व्यवस्थापन,
(ङ) वातावरण संरक्षण र फोहर मैला व्यवस्थापन,
(च) आपसी समन्वय, सहकार्य र सञ्जालको निर्माण,
(छ) मानव संशाधन विकास तथा स्थानीय निकायको क्षमता अभिवृद्धि,
(ज) प्राविधिक जनशक्तिको व्यवस्थापन र परिचालन,
(झ) पर्यटन, प्रविधि र सांस्कृतिको प्रवर्द्धन र विकास ।

(२) उपनियम (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विज्ञलाई पनि संलग्न गराउन सकिनेछ । समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२७३घ. **स्थानीय निकायलाई दिइने अनुदान थपघट गर्न सकिने**:स्थानीय निकाय वित्तिय आयोगको सिफारिस समेत लिई मन्त्रालयले न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतको आधारमा स्थानीय निकायको मूल्यांकन गरी स्थानीय निकायलाई दिइने अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्नेछ ।"

३३. **मूल नियमावलीमा नियम २७५ मा संशोधन** : मूल नियमावलीको नियम २७५ को उप नियम (३) झिकिएको छ ।

३४. **मूल नियमावलीको नियम २७६ मा संशोधन** : मूल नियमावलीको नियम २७६ को उपनियम (३) झिकिएको छ ।

३५. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-३, अनुसूची-६, अनुसूची-१२ र अनुसूची-२३ को सट्टा यसैसाथ संलग्न अनुसूची-३,अनुसूची-६, अनुसूची-१२ र अनुसूची-२३ राखिएका छन् ।

(२) अनुसूची -४ को,-

(१) प्रकरण १, २, ३ र ४ को सट्टा देहायका प्रकरण १, २, ३ र ४ राखिएका छन्:-

"१. **घरजग्गा कर**

पक्की घरमा त्यस्तो घरको तला, बनोट, क्षेत्रफल र घर रहेको स्थानको आधारमा प्रति घर वार्षिक पाँच रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म ।

२. **मालपोत**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२०

जग्गाको किसिम -अब्बल, दोयम, सिम र चाहार) र उत्पादकत्व समेत हेरी सम्बन्धित परिषद्को निर्णयले प्रति रोपनी रु. १।- देखी रु. १००।- सम्म र प्रतिकट्ठा रु. १।- देखि रु. ६५।- सम्म ।

**३. भूमिकर**

भूमिको उत्पादकत्व वा व्यापारिक, आवासिय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता समेत हेरी परिषद्को स्वीकृतिले प्रति रोपनी रु. १५।- देखि ४००।- सम्म र प्रति कठ्ठा रु. १०।- देखि रु. २६०।- सम्म ।

**द्रष्टव्यः-**

(१) नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागू नभएका पहाडी जिल्लामा साविकको -नापी हुनुभन्दा अघिको) कित्ताको आधारमा प्रत्येक जग्गावालाको स्वामित्वमा रहेको प्रत्येक कित्ताको एक रुपैयाँ ।

(२) चिया र रवर खेती भएका जिल्लामा चिया र रवर खेती भएका जग्गाको र निजी वन लगाएको जग्गाको मालपोत दर सम्बन्धित जग्गा रहेको किसिम अनुसार न्यूनतम दर ।

(३) मालपोत वा भूमिकरको कुल अंक प्रतिवर्ष प्रति जग्गाधनी पाँच रुपैयाँभन्दा कम हुने भएमा न्यूनतम बार्षिक मालपोत वा भूमिकर पाँच रुपैयाँ कायम गरिनेछ ।

(४) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

(५) भूमिकर लाग्ने क्षेत्र निर्धारण सम्बन्धित गाउँ परिषद्को सिफारिसमा जिल्ला परिषद्ले गर्नेछ ।

(४) **हाट, बजार, पसल करः** हाट बजारमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं पसल करको सम्बन्धमा परिषद्ले निर्धारण गरे बमोजिमको दररेटमा ।"

(२) प्रकरण ९ को खण्ड -फ) को सट्टा देहायको खण्ड -फ) राखिएको छ :-

"(फ) गाउँ विकास समितिमा प्रधान कार्यालय भएको निर्माण व्यवसायीलाई पाँच सयदेखि पाँच हजार रुपैयाँसम्म ।"

(३) अनुसूची -८ को प्रकरण ३, ४, ५ र ६ को सट्टा देहायका प्रकरण ३ र ४ राखिएका छन्:-

"**३. मालपोत**

जग्गाको किसिम -अब्बल, दोयम, सिम र चहार) र उत्पादकत्व समेत हेरी सम्बन्धित नगर परिषद्को स्वीकृतिमा निम्नानुसारको मालपोत ।

| | |
|---|---|
| १. प्रति रोपनी | रु. १ - १००।- |
| २. प्रति कट्ठा | रु. १ - ६५।- |

**४. भूमिकर**

भूमिको उत्पादकत्व वा व्यापारिक आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता समेत हेरी सम्बन्धित नगर परिषद्को स्वीकृतिले प्रति रोपनी रु. १५।- देखि ४००।- सम्म र प्रति कठ्ठा रु. १०।- देखि २६०।- सम्म स्वीकृतिमा भूमिकर लिनु पर्नेछ ।

**द्रष्टव्य :**

(१) नापी सम्पन्न भई नसकेका र मालपोत ऐन, २०३४ लागू नभएका पहाडी जिल्लाहरुमा साविकको -नापी हुनुभन्दा अघिको) कित्ताको आधारमा प्रत्येक जग्गावालाको स्वामित्वमा रहेको प्रत्येक कित्ताको पाँच रुपैयाँ ।

(२) चिया र रवर क्षेत्र घोषित भएका जिल्लामा चिया र रबर खेती भएका जग्गाको र निजी वन लगाएको जग्गाको मालपोत दर सम्बन्धित जग्गा रहेको किसिम अनुसार न्यूनतम दर ।

(३) मालपोत वा भूमिकरको कूल रकम वार्षिक पाँच रुपैयाँभन्दा कम हुने भएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर पाँच रुपैयाँ कायम गरिनेछ ।

(४) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

(५) भूमिकर लाग्ने क्षेत्र निर्धारण सम्बन्धित नगर परिषद्को सिफारिसमा श्री ५ को सरकारले गर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अनुसूची-१० को, -

(क) प्रकरण १. को खण्ड (३) पछि देहायको खण्ड (४) थपिएको छ :-

"(४) सवारी साधन विक्रेता ३६०।- १०,०००।-"

(ख) प्रकरण २. को खण्ड (१४) पछि देहायको खण्ड (१५) थपिएको छ :-

"(१५) संस्थागत पेण्टर ५,०००।- १५,०००।-"

(ग) प्रकरण ५. मा रहेको "१५,०००।-" अंकको सट्टा "५,०००।-" अंक राखिएको छ ।

(घ) प्रकरण ९. मा रहेको "७००।-" अंकको सट्टा "७,०००।-" अंक राखिएको छ ।

(ङ) प्रकरण १५. को ठाउँ ठाउँमा रहेका "३६०।-" अंकको सट्टा "१००।-" अंक राखिएको छ ।

(च) प्रकरण १६. को खण्ड -९) पछि देहायका खण्ड "(१०), (११), (१२), (१३), (१४), (१५), (१६) र (१७)" थपिएका छन् :-

| | | |
|---|---|---|
| "(१०) फूल र विरुवा विक्रेता | ३६०।- | १,०००।- |
| (११) पुल हाउस | ३६०।- | १,०००।- |
| (१२) खोटो व्यवसायी | ३६०।- | १,०००।- |
| (१३) सिसा, प्लाइउड विक्रेता | ३६०।- | १,०००।- |
| (१४) भाँडाकुँडा विक्रेता | ३६०।- | १,०००।- |
| (१५) स्टिल, काठ, फर्निचर विक्रेता | ५००।- | १,५००।- |
| (१६) खेलौना, उपहार (गिफ्ट) विक्रेता | १००।- | ५,००।- |
| (१७) केवुल, नेटवर्किङ्ग -ग्राहक संख्याको आधारमा) | ५,०००।- | ५०,०००।-" |

(छ) प्रकरण १९. मा रहेको "३६०।-" भन्ने अंकको सट्टा "१००।-" अंक राखिएको छ ।

(५) अनुसूची-२४ मा रहेको "सभागृहमा लागतको" भन्ने शब्दहरुको सट्टा "सभागृह, उद्यान, पार्क, ताल, पोखरी, मनोरञ्जनस्थल वा यस्तै प्रकृतिका अन्य पूर्वाधारहरुमा जिल्ला परिषदले निर्धारण गरेको दर रेटमा सिर्जित पूर्वाधार र सुविधाको" भन्ने शब्दहरु राखिएका छन् ।

(६) अनुसूची-२५ को प्रकरण २. मा रहेको "एकसय" भन्ने शब्दको सट्टा "एक हजार" भन्ने शब्द राखिएको छ ।

(७) अनुसूची-२६ को ,-

(क) प्रकरण १. को सट्टा देहायको प्रकरण १. राखिएको छ :-

"१. घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट उठेको कुल राजस्वको,-

(क) पचास लाख रुपैयाँसम्म भए नब्बे प्रतिशत ।

(ख) त्यसपछिको एक करोड रुपैयाँसम्म साठी प्रतिशत ।

(ग) त्यसपछिको दुई करोड रुपैयाँसम्म तीस प्रतिशत

(घ) त्यसपछिको तीन करोड रुपैयाँसम्म वीस प्रतिशत ।

(ङ) त्यसपछिको पाँच करोड रुपैयाँसम्म पन्ध्र प्रतिशत ।

(च) त्यसपछिको दश करोड रुपैयाँसम्म दश प्रतिशत ।

(छ) त्यसपछि जतिसुकै रुपैयाँ भए पनि पाँच प्रतिशत ।"

(ख) प्रकरण ४. र ५. को सट्टा देहायका प्रकरण ४. र ५. राखिएका छन् :-

"४. जल विद्युत उत्पादन र बिक्रीबाट श्री ५ को सरकारलाई २०६० माघ देखि प्राप्त रोयल्टी रकमको ५० प्रतिशत । यस्तो रकम जिल्ला विकास समितिको सभापति वा अधिकृत प्रतिनिधिहरु समावेश भएको बैठकबाट निर्धारण गरिने मापदण्डका आधारमा देहाय बमोजिम बाँडफाँड गरिनेछ :-

(क) १२ प्रतिशत विद्युत गृह संचालन हुने जिल्ला विकास समितिलाई ।

(ख) ३८ प्रतिशत विद्युत उत्पादन हुने विकास क्षेत्रका सबै जिल्ला विकास समितिलाई ।

५. पदयात्रा र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणमा प्रवेश गर्ने पर्यटक वापत प्राप्त शुल्क र रोयल्टीको रकमको तीस प्रतिशत ।"

(ग) प्रकरण ५. पछि देहायका प्रकरण ६. र ७. थपिएका छन्:-

"६. पर्वतारोहण वापत श्री ५ को सरकारलाई प्राप्त हुने रोयल्टी (सलामी) रकमको तीस प्रतिशत ।

७. जिल्ला विकास क्षेत्रभित्र प्रवेश गने पर्यटकहरुसंग श्री ५ को सरकारले लिने प्रवेश दस्तुरको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तीस प्रतिशत ।"

"अनुसूची -३

(नियम ६७ को उपनियम (२), नियम १३७ को उपनियम (२) र नियम २०० को उपनियम (२) सँग सम्बन्धित)

**(क) स्थानीय निकाय र उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाबीच गरिने योजना सम्झौताको ढाँचा**

श्री ..................(स्थानीय निकाय) को कार्यालय

१. सम्झौता गर्ने पक्ष र आयोजना

(क) उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाको विवरण :

सम्झौता गर्ने संस्थाको प्रतिनिधिको,-

१. नाम

२. पद

३. ठेगाना

(ख) आयोजनाको विवरण

१. नाम

२. ठेगाना

३. उद्देश्य

४. आयोजना स्वीकृत गर्ने निकाय

५. आयोजना शुरु हुने मिति

६. आयोजना सम्पन्न हुने मिति

२. आयोजनाको लागत सम्बन्धी विवरण :-

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने श्रोतहरु :

१. श्री ५ को सरकारबाट रु.

२. सम्बन्धित स्थानीय निकायबाट रु.

३. अन्य स्थानीय निकायबाट रु.

४. गैर सरकारी संघ संस्थाबाट रु.

५. समुदायमा आधारित संस्थाबाट रु.

६. विदेशी दातृ संघ, संस्थाबाट रु.

७. उपभोक्ता समितिबाट रु.

८. अन्यबाट रु.

जम्मा रु.

(ग) निर्माण सामग्रीको विवरण :-

| परिमाण | सामग्रीको नाम | एकाई |
|---|---|---|
| १. विषयगत शाखाबाट | | |
| २. सम्बन्धित स्थानीय निकायबाट | | |
| ३. अन्य स्थानीय निकायबाट | | |
| ४. गैर सरकारी संघ संस्थाबाट | | |
| ५. समुदायमा आधारित संस्थाबाट | | |
| ६. विदेशी दातृ संघ, संस्थाबाट | | |
| ७. उपभोक्ता समितिबाट | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. अन्यबाट

(घ) आयोजनाबाट लाभान्वित हुने :-

१. घरपरिवार संख्याः

२. जनसंख्याः

३. समुदायः

४. अन्यः समुदायमा आधारित । गैर सरकारी संस्था

३. उपभोक्ता समिति / गैर सरकारी संस्था / समुदायमा आधारित संस्था सम्बन्धी विवरण :

(क) गठन भएको मिति :-

(ख) पदाधिकारीको नाम र ठेगानाः-

१. अध्यक्ष

२. उपाध्यक्ष

३. कोषाध्यक्ष

४. सदस्य

५. सदस्य

६. सदस्य

७. सदस्य

८. सदस्य

९. सचिव

(ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्या :-

(घ) गठन गर्दा अनुपस्थित लाभान्वितको संख्या :-

४. आयोजना संचालन सम्बन्धी अनुभव :

५. उपभोक्ता समिति समुदायमा आधारित संस्था गैर सरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरण :

| किस्ता क्रम | मिति | किस्ताको रकम | निर्माण सामग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रो | | | | |
| जम्मा | | | | |

६. आयोजनाको मर्मत संभार व्यहोर्ने व्यवस्था -मासिक, चौमासिक, वार्षिक श्रोत) :

(क) मर्मत सम्भारको जिम्मा लिने समिति / संस्थाको नाम :-

(ख) जन श्रमदान (श्रम शक्ति संख्या) :-

(ग) सेवा शुल्कबाट रु :-

(घ) दस्तुर, चन्दाबाट रु :-

(ङ) लागत सहभागिता वा अनुदानबाट रु :-

(च) व्याज वा अन्य वचत रु :-

७. अन्य -प्राविधिक र व्यवस्थापन सम्बन्धी) विवरण :

(क) (ख) (ग)

सम्झौताका शर्तहरु :

१. प्राप्त रकम तथा निर्माण सामग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउनेछौं ।

२. आयोजना सम्पन्न भएपछि स्थानीय निकायबाट जांचपास गरी फरफारक लिनेछौं ।

३. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहलाई गराई छलफल गरी अर्को किस्ता माग गर्नेछौं ।

४. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बांकी तथा आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्नेछौं ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५२४

५. आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिन सहमत छौं ।
६. आयोजना संचालन गर्ने निकायले आयोजनाको मर्मत संभारको पनि व्यवस्था गर्नेछौं ।
७. आयोजनाको सबै काम उपभोक्ता समिति/समूहको निर्णयानुसार गर्ने गराउनेछौं ।
८. आयोजना मिति ..........देखि शुरुगरी मिति ..........सम्ममा पूरा गर्ने गराउनेछौं ।
९. प्रत्येक चौमासिक र बार्षिक रुपमा योजनाको भौतिक तथा खर्चको विवरण स्थानीय निकायमा पठाउने छौं ।
१०. अन्य शर्तहरु

(१) (२) (३) (४)

उपयुक्त बमोजिम गर्न हामी मन्जुर छौं ।

स्थानीय निकायको तर्फबाट -
नाम :
दर्जा :
सही :
मिति :

अध्यक्ष:
सही:
सचिव:
सही:
मिति :

**(ख)** उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाले स्थानीय निकायमा किस्ता माग गर्दा पेश गर्नुपर्ने प्रगति विवरण

मिति: २० । ।

श्रीमान् सचिवज्यू,
..........(स्थानीय निकाय) को कार्यालय,
.................. ।

विषय: प्रगति प्रतिवेदन पेश गरेको ।

त्यस स्थानीय निकाय र हामी बीच मिति .......... मा भएको सम्झौताको शर्त बमोजिम हामीले सञ्चालन गरेको देहायको योजनाको कार्यप्रगति देहाय बमोजिम छ । आवश्यक विल, भरपाई, उपभोक्ता समूह/समितिको निर्णय समेत संलग्न राखी यसैसाथ पेश गरेका छौं । ................. किस्ता भुक्तानी/जाँचपास फरफारक गरि पाउन अनुरोध गर्दछौं ।

तपसिल

१. **योजनाको विवरण:**
योजनाको नाम:
वडा नं.:
टोल:

उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाको,-
अध्यक्ष:
सचिव:

२. **योजनाको लागत:**
प्राप्त अनुदान रकम रु. ............. चन्दा रकम रु...............
जनसहभागिता रकम रु. ............. जम्मा रकम रु. .............

३. **हालसम्मको खर्च रु.**
क. स्थानीय निकायवाट प्राप्त रकम:
१. निर्माण सामग्रीमा -सिमेन्ट, छड, काठ, ढुङ्गा, गिट्टी, उपकरण आदि) रु.
२. ज्याला:- दक्ष रु.:- अदक्ष रु. जम्मा रु.
३. मसलन्द सामान -कापी, कलम, मसी, कागज आदि) रु.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए बमोजिम) रु.
५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए बमोजिम) रु.
६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रु.:
श्रमको मूल्य बराबर रकम रु.
जिन्सी सामान मूल्य बराबर रकम रु.
कुल जम्मा रु.

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु.

५. उपभोक्ता समूहको निर्णय बमोजिम समीक्षाबाट खर्च देखिएको रु.

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू:
क.
ख.
ग.

७. समाधानका उपायहरू:
क.
ख.
ग.

८. स्थानीय निकाय अन्य निकायबाट भएको अनुगमनको सुझाव:

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन

११. माथिको व्यहोरा उपभोक्ता समिति समूहमा छलफल भईसकेको छ र उक्त व्यहोरा साँचो हो ।

१२. प्राप्त रकम योजना वाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं ।

| ............... | ....... | ........... |
|---|---|---|
| प्रमाणित गर्ने | सचिव | कोषाध्यक्ष<br>अध्यक्ष |

(ग) **चौमासिक/वार्षिक प्रगति प्रतिवेदन फाराम**
(उपभोक्ता समिति समुदायमा आधारित संस्था गैर सरकारी संस्थाले स्थानीय निकायमा पेश गर्ने)

आर्थिक वर्ष:
जिल्ला : ...............
स्थानीय निकाय : ...........................
प्रगति प्रतिवेदन: चौमासिक -प्रथम दोस्रो तेश्रो वार्षिक

योजनाहरुको भौतिक प्रगति तथा वित्तीय स्थिति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| क. स. | योजनाको नाम | वडा नं. / स्थान | योजनाको कुल लागत | | | | स्थानीय निकायबाट व्यहोरिने | सुरु हुने मिति | सम्पन्न हुने मिति | किसिम | योजनाको कुल भौतिक काम | भौतिक प्रगति | ह्रास सम्मको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | आन्तरिक स्रोत | जनसहभागिता | जम्मा | अनुदान रकम रु. | | | | (साल-वसाली/ नयाँ) | भौतिक लक्ष्य) | खर्च रकम रु | |
| १. | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | |

कार्यान्वयमा देखिएका समस्याहरु:

१.

२.

३.

समाधानका संभावित उपायहरु :-:

१.

२.

३.

उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाको बैठकको संख्या ....... र निर्णयको प्रतिलिपिहरू संलग्न छन ।

उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाको सचिवको सही:-

उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाको कोषाध्यक्षको सही:-

उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैर सरकारी संस्थाका अध्यक्षको सही:-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -६
(नियम ७१ संग सम्वन्धित)

**गाउँ विकास समितिले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने दस्तुरको दर :**

सिफारिस दस्तुर :

१. अचल सम्पत्ति मूल्यांकन वापत प्रति सिफारिस एक सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म ।

२. अन्य विषयको सिफारिस बापत प्रति सिफारिस पाँच रुपैयाँदेखि एकसय रुपैयाँसम्म ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१२
(नियम १४४ को उपनियम (१) सँग सम्बन्धित)

नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पत्ति करको दर

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | दर (वार्षिक) |
|---|---|
| दश लाख रुपैयाँसम्म | पच्चीस रुपैयाँदेखि दुई सय रुपैयाँसम्म |
| दश लाख एक रुपैयाँदेखि वीस लाख रुपैयाँसम्म | दुईसय पचास रुपैयाँदेखि चार सय रुपैयाँसम्म |
| वीस लाख एक रुपैयाँदेखि तीस लाख रुपैयाँसम्म | पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म |
| तीस लाख एक रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म | एक हजार दुई सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म |
| पचास लाख एक रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | तीन हजार पांच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म |
| एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | बाह्र हजार रुपैयाँदेखि वीस हजार रुपैयाँसम्म |
| दुई करोड एक रुपैयाँदेखि पांच करोड रुपैयाँसम्म | पच्चीसहजार रुपैयाँदेखि साठी हजार रुपैयाँसम्म |
| पाँच करोड एक रुपैयाँदेखि माथि | दुई रुपैयाँ प्रति हजार |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -२३
(नियम २०७ सँग सम्बन्धित)

### जिल्ला विकास समितिले लगाउन सक्ने करको दर

१. आफ्नो स्रोतबाट निर्माण गरेको वा आफूलाई हस्तान्तरण भईआएको सडक, बाटो तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायातका साधनमा देहाय बमोजिम पटके कर:

(क) निजी तथा भाडाका बस, ट्रकमा पाँच रुपैयाँ देखि पच्चीस रुपैयाँसम्म

(ख) मिनीबस तथा ट्रैक्टरमा पाँच रुपैयाँ देखि पन्ध्र रुपैयाँसम्म

(ग) निजी तथा भाडाका कार र टेम्पोमा पाँच रुपैयाँ देखि दस रुपैयाँसम्म

(घ) अन्य साधनमा पाँच रुपैयाँ सम्म।

द्रष्टव्य:- (१) यस प्रकरण बमोजिमको कर राजमार्ग तथा सहायक राजमार्गमा लगाउन पाइने छैन।

(२) वार्षिक एक हजार दुई सयसम्म लिई पटके करको सट्टामा वार्षिक सवारी पास दिन सकिनेछ।

(३) यस प्रकरण बमोजिम उठाइएको कर सम्बन्धित सडकको मर्मत सम्भार कार्यमा मात्र खर्च गर्नुपर्नेछ।

(२) आफ्नो जिल्लाभित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायका न्यूनतम र अधिकतम कर दर सीमा भित्र रही जिल्ला परिषद्ले तोके बमोजिम लगाइने कर :

| सि.नं. | नाम | इकाई | दर (न्यूनतम) | (अधिकतम) |
|---|---|---|---|---|
| (क) | ऊन (प्राकृतिक, कृत्रिम, जगर) | प्रति के. जी. | ।०५ पैसा | ।१० पैसा |
| (ख) | खोटो | प्रति के. जी. | ।२५ पैसा | ।५० पैसा |
| (ग) | प्रचलित वन नियमावलीमा लेखिएका जडिबुटीको मुल्य, मात्रा र गुणस्तर हेरी जिल्ला परिषद्ले तोके बमोजिमको दर; तर व्यवसायिक खेतीको र स्थानीय उद्योगमा अर्ध प्रशोधन हुने जडिबुटीको हकमा आधा दरमात्र लाग्नेछ। | | | |
| (घ) | वनकस (खर), बाबियो, मलहन पत्ता, छवाली, पराल, वगास, निगालो लोक्ता, पटेर, अम्लिसो (कुचो) | प्रति गाडा, ट्रयाक्टर, ट्रक | रु. १।- | रु. १००।- |
| | बाँस | प्रति गोटा | ।२५ पैसा | ।५० पैसा |
| | सिसौ, साल (चट्टा, गोलिया, चिरान) (सम्बन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रति ट्रक | रु. २००।- | रु. ३००।- |
| | अन्य काठ (चट्टा गोलिया, चिरान) (सम्बन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रति ट्रक | रु. १००।- | रु. २००।- |
| (ङ) | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा | प्रति क्यू फिट | रु. १।५० | रु. २।- |
| (च) | स्लेट/विछायाउने ढुङ्गा | प्रति वर्ग फिट | रु. ।५० पैसा | रु. २।- |
| (छ) | भट्टामा प्रयोग गर्ने माटो | प्रति वर्ग मीटर | ।२५ पैसा | ।५० पैसा |
| (ज) | सुर्तीको डण्ठल कतरन नसल | प्रति के. जी. | रु. ।१० पैसा | रु. ।२५ पैसा |
| (झ) | सालको बियाँ | प्रति के. जी. | रु. ।५० पैसा | रु. १।- |
| (ञ) | सल्लाको सिम्टा | प्रति के. जी. | रु. ।१० पैसा | रु. ।२५ पैसा |
| (ट) | पत्थर कोइला | प्रति के. जी. | रु. ।०५ पैसा | रु. ।१० पैसा |
| (ठ) | राजस्व परामर्श समितिको सिफारिश बमोजिम परिषदले तोकेका अन्य खनिजजन्य पदार्थहरु | | परिषदले तोके बमोजिम | |

(३) स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (रीयुज) गर्ने देहाय बमोजिमका वस्तुमा देहाय बमोजिमको न्यूनतम र अधिकतम कर दर सीमा भित्र रही जिल्ला परिषद्ले तोके बमोजिम संकलन केन्द्रमा उठाइने कर :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४०

| सि.नं. | नाम | इकाई | दर (न्यूनतम) | (अधिकतम) |
|---|---|---|---|---|
| (क) | खाली सीसी (वियर) वोतलको साइज हेरी | प्रति गोटा | रु. -।५० पैसा | रु. १।- |
| (ख) | खाली सीसी (मदिरा र अन्य) ५०० एम. एल. भन्दा माथि | प्रति गोटा | -।२५ पैसा | -।५० पैसा |
| (ग) | खाली सीसी (मदिरा र अन्य) ५०० एम. एल. भन्दा तल | प्रति गोटा | -।१० पैसा | -।२५ पैसा |
| (घ) | प्लाष्टिक (बोतल र भाँडाकुँडा) | प्रति के. जी. | रु. -।२५ | रु.-।५० पैसा |
| (ङ) | खाली बोरा : | | | |
| | (१) ५० के.जी. सम्म खाद्यान्न अँट्ने प्लाष्टिकका बोरा | प्रति गोटा | -।१५ पैसा | -।२५ पैसा |
| | (२) ५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा | प्रति गोटा | -।१५ पैसा | -।२५ पैसा |
| | (३) १०० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा | प्रति गोटा | -।२५ पैसा | -।५० पैसा |
| (च) | तेलको टिन : | | | |
| | (१) १० लिटरभन्दा बढी अँट्ने ठूलो | प्रति गोटा | रु. १।- | रु. २।- |
| | (२) १० लिटरभन्दा कम अँट्ने सानो | प्रति गोटा | रु. -।५० पैसा | रु. १।- |

(४) पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरि पुनः प्रयोग हुन सक्ने देहाय बमोजिमका कवाडी मालसामानहरुमा देहाय बमोजिमका न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही जिल्ला परिषद्ले तोके बमोजिमको दरमा सो समितिले तोकिदिए बमोजिमको कार्यविधि अनुरुप उठाइने कर :

| सि.नं. | नाम | इकाई | दर | |
|---|---|---|---|---|
| (क) | झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) | प्रति के.जी. | -।५० पैसा | रु. २।- |
| (ख) | गार्मेन्टको कपडाको टुक्रा | प्रति के. जी. | -।५० पैसा | रु.२।- |
| (ग) | जलेको मोविल | प्रति लिटर | -।२५ पैसा | रु. १।- |
| (घ) | जुट र प्लाष्टिकका बोरा | प्रति के.जी. | -।०५ पैसा | -।२० पैसा |
| (ङ) | कार्पेटका टुक्रा | प्रति के.जी. | -।५० पैसा | रु. २।- |
| (च) | टायरट्यूब | प्रति के. जी. | -।५० पैसा | रु. २।- |
| (छ) | थोत्रो टिन | प्रति के. जी. | -।२५ पैसा | -।५० पैसा |
| (ज) | पुरानो ड्रम | प्रति के.जी. | -।२५ पैसा | -।५० पैसा |
| (झ) | पुराना कागज | | | |
| | (१) अखबार (न्यूजप्रिन्ट) | प्रति के. जी. | -।२५ पैसा | -।५० पैसा |
| | (२) अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | -।५० पैसा | रु. १।- |
| (ञ) | धातुका सामानहरु | | | |
| | (१) फलाम | प्रति के. जी. | -।२५ पैसा | रु. १।- |
| | (२) अन्य धातु (पित्तल, तामा आदि) | प्रति के. जी. | रु. १।- | रु. २।- |
| (ट) | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी. | -।२५ पैसा | रु. १।- |
| (ठ) | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के. जी. | रु. ३।- | रु. ४।- |
| (ड) | काँचको धुलो र टुक्रा | प्रति के.जी. | रु. २।- | रु. ४।- |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८९

| | | | | |
|---|---|---|---|---|
| (५) | प्रचलित कानूनले निषेधित गरे बाहेकका पंछीहरु जस्तै: हाँस, कुखुरा जस्ता पंछीहरुको प्वाँखमा जिल्ला परिषद्ले निर्धारण गरे बमोजिमको कर | प्रति के. जी. | रु. १।- | रु. २।- |
| (६) | प्रचलित कानूनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुका | | | |
| | (क) हाड | प्रति के.जी. | -।५० | रु. १।- |
| | (ख) सिंग | प्रति के. जी. | रु. १।- | रु. २।- |
| | (ग) खूर | प्रति के.जी. | रु. १।- | रु. २।- |
| | (घ) छाला (ठूलो) | प्रति गोटा | रु. २०।- | रु. ३०।- |
| | (ङ) छाला (सानो) | प्रति गोटा | रु. १०।- | रु. १५।-" |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

### स्थानीय निकाय (आर्थिक प्रशासन) (पहिलो संशोधन) नियमावली, २०६१

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ लाई संशोधन गर्न वान्छनीय भएकोले, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "स्थानीय निकाय (आर्थिक प्रशासन) (पहिलो संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम २ मा संशोधनः** स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (घ) मा रहेको "वा नगरी" भन्ने शब्दहरु झिकिएको छ ।

(२) खण्ड (ङ), (च) र (छ) को सट्टा देहायका खण्ड (ङ), (च) र (छ) राखिएका छन् :-

"(ङ) "बोलपत्र (टेण्डर)" भन्नाले स्थानीय निकायले कुनै मालसामान खरीद गर्दा, सार्वजनिक निर्माण कार्य वा सो को मर्मत गर्दा वा कुनै सेवा लिदा वा स्थानीय निकायको आन्तरिक आय उठाउँदा त्यस्तो निकायको सूचना अनुसार इच्छुक व्यक्ति फर्म, कम्पनी वा संस्थाले सो निकायले तोकेको ढाँचामा खामबन्दी गरी लाह छाप लगाई पेश गरेको प्रस्ताव सम्झनु पर्दछ र सो शब्दले प्रति एकाइ मूल्य सहितको विवरण र सो सम्बन्धी अन्य कागजात समेतलाई जनाउँछ ।

(च) "बोलपत्र सम्बन्धी कागजात (टेण्डर डकुमेन्ट)" भन्नाले बोलपत्र आह्वान सम्बन्धी सूचना तथा बोलपत्रदातालाई दिईएको निर्देशन कुनै ठेक्कासँग सम्बन्धित सामान्य वा विशेष शर्त, स्पेशिफिकेशन, डिजाइन, परिमाण सूची, कार्यक्षेत्रगत शर्तहरु (टर्म्स अफ रेफरेन्स), मूल्याँकन प्रक्रिया, कार्य तालिका समेत समावेश भएको बोलपत्र फाराम वा परामर्श सेवाको प्रस्ताव आह्वान पत्र सम्बन्धी कागजात सम्झनु पर्दछ र सो शब्दले नक्सा र विल अफ क्वान्टिटिज वा प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने कागजात समेतलाई जनाउँछ ।

(छ) "ठेक्का" भन्नाले स्थानीय निकायले यस नियमावलीको प्रकृया पूरा गरी घटाघट वा बढाबढ गरी वा नगरी वा बोलपत्र वा दरभाउपत्र वा अन्य कुनै माध्यमबाट कुनै सार्वजनिक निर्माण वा मर्मत कार्य गर्न वा मालसामान आपूर्ति गर्न वा सेवा उपलब्ध गराउन वा आन्तरिक आय संकलन गर्न सम्झौता गरेको कार्य सम्झनु पर्दछ ।"

(३) खण्ड (ज) मा रहेका "वा सेवा उपलब्ध गराउन" भन्ने शब्दहरू पछि "वा यस नियमावली वा प्रचलित नेपाल कानून बमोजिम स्थानीय निकायको आन्तरिक आय उठाउन" भन्ने शब्दहरू थपिएका छन् ।

(४) खण्ड (ठ) मा रहेका "सो शब्दले" भन्ने शब्दहरू पछि "विषयगत शाखा प्रमुख वा विषयगत शाखा स्थापना नहुन्जेलसम्म निक्षेपित कार्य कार्यान्वयनमा संलग्न रहने कार्यालयको प्रमुख कर्मचारी तथा" भन्ने शब्दहरू थपिएका छन् ।

(५) खण्ड (ढ) पछि देहायका खण्ड (ण), (त), (थ) र (द)थपिएका छन् :-

"(ण) "विशेष परिस्थिति" भन्नाले सुख्खा, अनिकाल, खाद्य संकट, अनावृष्टि, अतिवृष्टि, भुकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक एवं दैवी प्रकोप तथा आकस्मिक वा अप्रत्याशित रुपमा विशेष कारणबाट सृजना भएको परिस्थिति सम्झनु पर्छ ।

(त) "बढाबढ" भन्नाले यस नियमावली बमोजिम स्थानीय निकायको आन्तरिक आय उठाउन ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डाँक बोलाई गरिएको बढाबढ सम्झनुपर्छ ।

(थ) "डाँक" भन्नाले बढाबढ हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्का सम्बन्धमा कवुल गरेको नगद वा जिन्सीका अङ्क सम्झनु पर्छ ।

(द) "विशेष कोष" भन्नाले स्थानीय निकायको कोषबाट स्वीकृत बजेट बमोजिम खर्च लेखी खास प्रयोजनको लागि रकम जम्मा गरिएको कोष सम्झनुपर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ४ मा संशोधन** : मूल नियमावलीको नियम ४ को उपनियम (४) मा रहेका "स्वीकृत आयोजनामा" भन्ने शब्दहरू पछि "बजेटको आधारमा" भन्ने शब्दहरू थपिएका छन् ।

४. **मूल नियमावलीको नियम ८ मा संशोधन** : मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (२) मा रहेका " भरपाई सहित" भन्ने शब्दहरुको सट्टा "भरपाई अध्यक्षद्वारा प्रमाणित गराई" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "खर्च भएको" भन्ने शब्दहरुको सट्टा "दुई सय रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (६) मा रहेका "मासिक फाँटवारी" भन्ने शब्दहरुको सट्टा "चौमासिक र वार्षिक आय व्यय विवरण जिल्ला विकास समितिको कार्यालय र मासिक आय व्यय विवरण" भन्ने शव्दहरू राखिएका छन् ।

(४) उपनियम (८) पछि देहायको उपनियम (९) थपिएको छः-

"(९) आम्दानी, खर्च तथा स्वीकृत कार्यक्रमको विवरण गाउँ विकास समितिको सूचनापाटी र सार्वजनिक स्थलमा टाँस गरी जिल्ला विकास समितिमा सार्वजनिक गर्नका लागि पठाउनु पर्नेछ ।"

५. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ :-

"(झ) आम्दानी, खर्च र स्वीकृत कार्यक्रमको विवरण सार्वजनिक गराए, नगराएको ।"

६. **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (१) को ,-

(क) खण्ड (क) मा रहेका " पन्ध्र हजार" भन्ने शब्दहरूको सट्टा "पचास हजार" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका "पन्ध्र हजार" भन्ने शब्दहरूको सट्टा "पचास हजार " भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (१) पछि देहायको उपनियम (१क.) थपिएको छ :-

"(१क.) उपनियम (१) को खण्ड (क) बमोजिम स्वीकृत भएको लागत अनुमानको विवरण त्यसरी स्वीकृत भएपछि लगतै बस्ने गाउँ विकास समितिको वैठकमा पेश गर्नु पर्नेछ ।"

७. **मूल नियमावलीको नियम १५ मा संशोधन** : मूल नियमावलीको नियम १५ को उपनियम (४) मा रहेका "थप स्रेस्ता" भन्ने शब्दहरू पछि "यस नियमावलीमा नगरपालिका तथा जिल्ला विकास समितिको लागि तोकिएका वा" भन्ने शब्दहरू थपिएका छन् ।

८. **मूल नियमावलीको नियम १६ मा संशोधन** : मूल नियमावलीको नियम १६ को उपनियम (१) पछि देहायको नियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उप नियम प्रारंभ भएको मितिले महानगरपालिका र उप महानगरपालिकाले चरणबद्ध रुपमा तीन वर्षभित्र, अन्य नगरपालिकाले पाँच वर्षभित्र र नयाँ गठन भएको नगरपालिकाले पाँच वर्षभित्र यस नियम बमोजिम प्रोदभावी (एक्रुअल) कारोवारमा लेखा राख्नु पर्नेछ ।"

९. **मूल नियमावलीको नियम २२ मा संशोधन** : मूल नियमावलीको नियम २२ को उपनियम (१) मा रहेको "अनुमान" भन्ने शव्द पछि "सो सम्वन्धी नक्सा, डिजाइन, स्पेसिफिकेसन र दर विश्लेषण" भन्ने शब्दहरू थपिएका छन् ।

१० **मूल नियमावलीमा नियम २६क. थप** : मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६क. थपिएको छः-

"२६क. विशेष कोष : (१) नगर परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट देहाय बमोजिमका विशेष कोषहरुमा आवश्यक रकम विनियोजन गर्न सक्नेछः-

(क) दैवी प्रकोप उद्दार विशेष कोष

(ख) मर्मत सम्भार विशेष कोष

(ग) गरिवी निवारण तथा सामाजिक परिचालन विशेष कोष

(घ) महिला तथा बाल विकास विशेष कोष

(ङ) स्वास्थ्य वीमा विशेष कोष

(च) वातावरणीय व्यवस्थापन विशेष कोष

(२) उपनियम (१) वमोजिमको कोष संचालनको कार्यविधि नगरपरिषदले स्वीकृत गरे बमोजिम हुनेछ । "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **मूल नियमावलीको नियम ३१ मा संशोधन** : मूल नियमावलीको नियम ३१ को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) लेखा समितिको सचिवालयको काम गर्ने ।"

१२. **मूल नियमावलीमा नियम ३१क. थप** : मूल नियमावलीको नियम ३१ पछि देहायको नियम ३१क. थपिएको छ :-

"३१क. लेखा परीक्षकको छनौट: लेखापरीक्षक छनौट गर्ने प्रयोजनको लागि महानगरपालिका र उपमहानगरपालिकाले राष्ट्रिय स्तरका दैनिक पत्रिकामा र नगरपालिकाले स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिकामा सूचना प्रकाशन गरी उपयुक्त वर्गसंग दरखास्त आह्वान गरी लेखा परीक्षकहरुको नाम सूचीकृत गर्नु पर्नेछ र त्यसरी सूचीकृत भएका लेखापरीक्षक मध्येबाट ऐनको दफा १३५ बमोजिमलेखापरीक्षकको छनौट गर्नु पर्नेछ ।"

१३. **मूल नियमावलीको नियम ३४ मा संशोधन** : मूल नियमावलीको नियम ३४ को सट्टा देहायको नियम ३४ राखिएको छ:-

"३४ खाता संचालन: जिल्ला विकास समितिबाट खोलिएको खाता सचिव वा निजले तोकेको अधिकारी र आर्थिक प्रशासन शाखाको प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।"

१४. **मूल नियमावलीको नियम ३८ मा संशोधन** : मूल नियमावलीको नियम ३८ को उपनियम (१) मा रहेका "निर्धारित कार्यमा खर्च गर्नुपर्नेछ" भन्ने शब्दहरूको सट्टा "अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नु पर्नेछ वा सम्बन्धित विषयगत शाखा वा कार्यालयको प्रमुखलाई खर्च गर्ने अख्तियारी दिनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

१५. **मूल नियमावलीमा नियम ४४क. थप** : मूल नियमावलीको नियम ४४ पछि देहायको नियम ४४क. थपिएको छ ।

"४४क. विशेष कोष : (१) प्रत्येक जिल्ला परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट देहाय बमोजिमको विशेष कोषहरुमा रकम विनियोजन गर्न सक्नेछ:-

(क) प्रकोप व्यवस्थापन विशेष कोष
(ख) मानव संशाधन विकास विशेष कोष
(ग) मर्मत सम्भार विशेष कोष
(घ) स्थानीय विकास विशेष कोष
(ङ) वातावरणीय व्यवस्थापन विशेष कोष
(च) गरिबी निवारण तथा सामाजिक परिचालन विशेष कोष
(छ) महिला तथा बाल विकास विशेष कोष

(२) उपनियम(१) बमोजिमको कोष संचालनको गर्ने कार्यविधि जिल्ला परिषदले स्वीकृत गरे बमोजिम हुनेछ ।"

१६. **मूल नियमावलीको नियम ४६ मा संशोधन** : मूल नियमावलीको नियम ४६ मा रहेका "भैपरिआउने कामको लागि" भन्ने शब्दहरुको सट्टा "भैपरिआउने विकास निर्माण कामको लागि" भन्ने शब्दहरू राखी सोही नियममा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१७. **मूल नियमावलीको नियम ४९ मा संशोधन** : मूल नियमावलीको नियम ४९ को:-

(१) खण्ड (क) को शुरुमा "जिल्ला विकास समिति कोष र सो बाट प्रवाह भएको रकमको" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छ :

"(ज) लेखा समितिको सचिवालयको रुपमा काम गर्ने ।"

१८. **मूल नियमावलीको नियम ५१ मा संशोधन** : मूल नियमावलीको नियम ५१ को उपनियम (४) मा रहेका "थप स्रेस्ता" भन्ने शब्दहरु पछि "यस नियमावलीमा अन्य स्थानीय निकायका लागि तोकिएका वा" भन्ने शब्दहरु थपिएका छन् ।

१९. **मूल नियमावलीको नियम ५२ मा संशोधन** : (१) मूल नियमावलीको नियम ५२ को उपनियम (२) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) गाउँ विकास समितिको हकमा एक पटकमा पच्चीस हजार रुपैयाँसम्म र अन्य स्थानीय निकायको हकमा एक लाख रुपैयाँसम्म सोझै बजारबाट,"

(२) खण्ड (ख) झिकिएको छ ।

(३) खण्ड (ग) मा रहेका "दुईलाख रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "दशलाख रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) खण्ड (घ) मा रहेका " "दुई लाख रुपैयाँभन्दा माथि" भन्ने शव्दहरुको सट्टा "दशलाख रुपैयाँभन्दा माथि" भन्ने शब्दहरु राखिएका छन् ।

२०. **मूल नियमावलीमा नियम ५२क. थप :** मूल नियमावलीको नियम ५२ पछि देहायको नियम ५२क. थपिएको छः-

"५२क. खरीद वा सार्वजनिक निर्माण कार्य योजना तयार गर्नु पर्ने : (१)एक आर्थिक वर्षमा कुनै एक बजेट उपशीर्षकमा विनियोजन भएको एक लाख रुपैयाँभन्दा बढी रकमको मालसामान खरीद गर्दा वा सार्वजनिक निर्माण कार्य गराउँदा वा बौद्धिक वा पेशागत परामर्श सेवा लिँदा खरीद वा निर्माण कार्य योजना बनाउनु पर्नेछ । यस्तो खरीद वा निर्माण कार्य योजनामा सामान्यतया देहायका विषयहरुको समयावधि उल्लेख भएको हुनु पर्नेछ :-

(क) मालसामान खरीद हुनेमा स्पेशिफिकेशन तयार गर्ने,
(ख) दरभाउपत्र वा बोलपत्र वा प्रस्ताव आह्वानपत्र मूल्याँकनको आधार तयार गर्ने,
(ग) दरभाउपत्र वा बोलपत्र वा प्रस्ताव आह्वानपत्र सम्बन्धी कागजात तयार गर्ने र आह्वान गर्ने,
(घ) दरभाउपत्र वा बोलपत्र वा प्रस्ताव आह्वानपत्र मूल्याँकन गर्न लाग्ने,
(ङ) दरभाउपत्र वा बोलपत्र वा प्रस्ताव आह्वानपत्र स्वीकृत गर्ने,
(च) सम्झौता गर्ने,
(छ) कार्य शुरु गर्ने,
(ज) कार्य पूरा गर्ने ।

(२) उपनियम (१) बमोजिम तयार भएको कार्य योजना सार्वजनिक गरी एक प्रति सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।"

२१. **मूल नियमावलीको नियम ५३ मा संशोधन :** मूल नियमावलीको नियम ५३ को उपनियम (१) को,-

(१) खण्ड (क) र (ङ) झिकिएका छन् ।

(२) खण्ड (ख) मा रहेको "विदेशी सरकारको अधिकांश स्वामित्व भएको संस्था वा" भन्ने शब्दहरु झिकी सोही खण्डमा रहेका "समझदारीपत्र वमोजिम" भन्ने शब्दहरु पछि "त्यस्ता संस्थाको खरीद निर्देशिका (प्रोक्युरमेन्ट गाइडलाइन) अनुसार" भन्ने शब्दहरु थपिएका छन् ।

२२. **मूल नियमावलीको नियम ५४ मा संशोधन :** मूल नियमावलीको नियम ५४ को सट्टा देहायको नियम ५४ राखिएको छ :-

"५४. खरीद आदेशबाट खरीद गर्ने व्यवस्था: नियम ५२ बमोजिम खरीद गर्दा एक पटकमा गाउँ विकास समितिमा भए तीनहजार रुपैयाँ सम्मकोलागि र अन्य स्थानीय निकायमा भए पाँच हजार रुपैयाँसम्मको लागि आदेश गराई र सो भन्दा माथि जति सुकै भए पनि स्वीकृत खरीद आदेशबाट मात्र खरीद गर्नु पर्नेछ ।"

२३. **मूल नियमावलीको नियम ५५ मा संशोधन :** मूल नियमावलीको नियम ५५ को सट्टा देहायको नियम ५५ राखिएको छ :-

"५५. दरभाउपत्रद्वारा खरीद वा अन्य कार्य गराउने :(१) नियम ५२ को उपनियम (१) को खण्ड (ग) बमोजिम दरभाउपत्रद्वारा मालसामान खरीद गर्दा वा अन्य कार्य गराउँदा मूल्य अभिबृद्धि कर र आयकर दर्ता प्रमाणपत्र प्राप्त फर्म वा कम्पनीहरुमध्ये उपलब्ध भएसम्म घटीमा तीनवटा फर्म वा कम्पनीबाट लिखित रुपमा दरभाउपत्र माग गरी प्राप्त भएका दरभाउपत्रहरु मध्ये सबभन्दा कम मूल्य भएका दरभाउपत्रवालासँग त्यस्तो मालसामान खरीद गर्नु वा त्यस्तो दरभाउपत्रवालाबाट त्यस्तो कार्य गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरभाउपत्रद्वारा मालसामान खरीद गर्दा वा अन्य कार्य गराउँदा सातदेखि पन्ध्र दिनको म्याद दिई नियम ५९ को उपनियम (५) मा उल्लिखित कार्यालयहरुमा सूचना टाँस गरी आवश्यकता अनुसार त्यस्तो सूचना राष्ट्रिय वा स्थानीय स्तरको पत्रपत्रिकामा प्रकाशित गर्नुपर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले दुर्गम घोषित गरेको जिल्लामा मूल्य अभिबृद्धि कर, आयकर दर्ता प्रमाणपत्र लिएका फर्म वा विक्रेता नभएमा सो जिल्लाको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिबृद्धि कर, आयकर दर्ता प्रमाणपत्र लिए नलिएको विवरण प्राप्त गरी देहाय बमोजिमको समितिले तयार गरेको जिल्लामा उपलब्ध विक्रेताको सूचीमा सूचिकृत विक्रेताहरुबाट दरभाउपत्र लिई खरीद गर्न सकिनेछः-

(क) स्थानीय निकायको प्रमुख - अध्यक्ष


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५४८

(ख) प्रतिनिधि, अधिकृतस्तर, जिल्ला प्रशासन कार्यालय - सदस्य
(ग) प्रतिनिधि, अधिकृतस्तर , जिल्ला प्राविधिक कार्यालय - सदस्य
(घ) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य
(ङ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ - सदस्य
(च) योजना तथा प्रशासकीय अधिकृत वा स्थानीय विकास अधिकारीले तोकेको अधिकृत - सदस्य-सचिव ।

(४) उपनियम (३) बमोजिम गठन भएको समितिको सचिवालयको कार्य जिल्ला विकास समितिको सचिवालयले गर्नेछ ।

(५) उपनियम (३) बमोजिम तयार भएको सूची जिल्ला विकास समितिको सचिवालयले सम्बन्धित कर कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (३) मा उल्लेख भएको अवस्थामा बाहेक मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्र नभएका विक्रेताको दरभाउपत्र स्वीकार गर्नु हुँदैन ।

(७) दरभाउपत्रबाट काम गराउँदा वा मालसामान आपूर्ति गर्दा बोलपत्रबाट काम गराउँदा जस्तै धरौटी लिई कबुलियत गराइ गर्नु पर्नेछ ।

(८) दरभाउपत्र आव्हान गर्नु भन्दा अघि गर्नु पर्ने खरीद वा गराउनु पर्ने कामको स्पेसिफिकेशन सहितको दरभाउपत्रको फाराम तयार गर्नु पर्नेछ ।

(९) दरभाउपत्र दिने व्यक्ति फर्म, कम्पनी वा संस्थाले तीनसय रुपैयाँ दस्तुर तिरी स्थानीय निकायबाट सचिव वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको स्पेसिफिकेशन सहितको दरभाउपत्रको फाराम खरीद गरी सोही फाराममा दरभाउपत्र पेश गर्नु पर्नेछ ।

(१०) दरभाउपत्र आव्हान गर्दा नियम ५९ को उपनियम (५) मा उल्लेख भएका मुख्य मुख्य कुराहरु समेत खुलाउनु पर्नेछ ।

(११) दरभाउपत्र पेश गर्ने अन्तिम समय सकिएको लगत्तै दरभाउपत्र आव्हानको सूचनामा तोकिएको स्थानमा सम्भव भए सम्म सम्बन्धित दरभाउपत्र पेश गर्ने व्यक्ति फर्म, कम्पनी वा संस्था वा निजको प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोल्नुपर्नेछ । यसरी दरभाउपत्र खोलेको मितिले पन्ध्र दिनभित्र दरभाउपत्र स्वीकृत गरी सो को जानकारी सम्बन्धित सबैलाई दिनु पर्नेछ ।

(१२) एकपटक दाखिला भइसकेको दरभाउपत्र फिर्ता दिन हुँदैन ।

(१३) दरभाउपत्रको सम्बन्धमा नियम ५९ को उपनियम (३) र नियम ६३ र ६४ मा उल्लिखित व्यवस्था तथा कार्यविधिहरु लागू हुनेछन् ।"

२४. **मूल नियमावलीमा नियम ५५क. थप** : मूल नियमावलीको नियम ५५ पछि देहायको नियम ५५क. थपिएको छ :-

"५५क. मालसामान ढुवानी सम्बन्धी व्यवस्था :- (१) स्थानीय निकायले मालसामान ढुवानी गराउँदा वार्षिक बजेट निकासा हुने समय र स्वीकृत बजेटलाई समेत विचार गरी मालसामानको ढुवानी कार्यक्रम र लागत अनुमान बनाई ढुवानी गर्ने व्यवस्था मिलाई देहाय बमोजिमको रीत पुऱ्याई गराउनु पर्नेछ :-

(क) एक पटकमा एकलाख रुपैयाँसम्म सोझै वार्ताबाट ।
(ख) एक पटकमा एकलाखभन्दा बढी दश लाख रुपैयाँसम्म दरभाउपत्रबाट ।
(ग) दश लाख रुपैयाँ भन्दा माथि जतिसुकै रकमको भए पनि बोलपत्र वा घटाघटबाट ।

(२) जिल्लामा चलन चल्तीमा रहेका ढुवानी साधनको ढुवानी दर जिल्लाको ज्याला दररेट निर्धारण समितिले प्रत्येक आर्थिक वर्षको प्रारम्भमा तोकिदिए बमोजिम हुनेछ । आर्थिक वर्षको बीचमा अप्रत्याशित कारण परी दर पुनरावलोकन गर्नुपर्ने भएमा सो समितिले पुनरावलोकन गर्न सक्नेछ।

(३) ढुवानी ज्याला दररेट निर्धारण गर्दा एउटै जिल्लाभित्र पनि स्थान अनुसार सडक, बाटोको अवस्था तथा स्तर हेरी फरक फरक ज्याला निर्धारण गर्न सकिनेछ ।

(४) उपनियम (२) बमोजिम जिल्लाको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नु पर्नेछ ।

(५) उपनियम (१) को खण्ड (क) बमोजिम ढुवानी गर्दा जिल्लाको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४८

(६) जिल्लाको दररेट निर्धारण समितिले तोकेको ढुवानी साधन बाहेक अन्य साधनबाट ढुवानी गर्दा प्रतिस्पर्धाको माध्यम अपनाई ढुवानी गर्नु पर्नेछ ।

(७) उपनियम (१) को खण्ड (ख) र (ग) बमोजिम ढुवानी गर्दा नियम ५५, ५९, ६३, ६४, ६५, ६६ र ६८ का व्यवस्था र कार्यविधिहरु आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहित लागू हुनेछन् ।"

२५. **मूल नियमावलीको नियम ५७ मा संशोधन :** मूल नियमावलीको नियम ५७ को उपनियम (१) को,-

(१) खण्ड (क) मा रहेका "पचास हजार" भन्ने शब्दहरुको सट्टा "एकलाख" भन्ने शब्द राखिएको छ ।

(२) खण्ड (ख) झिकिएको छ ।

(३) खण्ड (ग) मा रहेका "पाँचलाख रुपैयाँभन्दा बढी पच्चीस लाख" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँभन्दा बढी दशलाख" भन्ने शब्दहरु राखिएका छन् ।

(४) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

"(घ) दश लाख रुपैयाँ भन्दा बढी जति सुकै रकमको काम वोलपत्र वा घटाघटबाट ।"

२६. **मूल नियमावलीको नियम ५९ मा संशोधन :** मूल नियमावलीको नियम ५९ को,-

(१) उपनियम (१) मा रहेका "परिमाण सूची (वील अफ क्वान्टीटी)" भन्ने शब्दहरु पछि "निमाणको स्वीकृत मापदण्डको प्रतिलिपि" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (२) को खण्ड (ख) र (ग) मा रहेका "पचास" भन्ने शब्दको सट्टा "पच्चीस" भन्ने शब्द राखिएको छ ।

(३) उपनियम (३) मा रहेको "बैंक" भन्ने शब्दको सट्टा "स्थानीय निकायको कोषमा" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (४) मा रहेका "शिरोभार खर्च (ओभरहेड)" भन्ने शब्दहरु पछि "तथा मूल्य अभिवृद्धि कर" भन्ने शब्दहरु थपिएका छन् ।

(५) उपनियम (५) मा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टा "पच्चीस लाख" भन्ने शब्दहरु राखिएका छन् ।

(६) उपनियम (६) मा रहेका "आवश्यकता हेरी अन्य स्थानीय निकायमा समेत बोलपत्र खरिद गर्न र पेश गर्न सक्ने" भन्ने शब्दहरुको सट्टा "पर्न आएका सबै बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम मितिमा एउटै स्थानमा एउटै समयमा मात्र खोल्ने गरी एक भन्दा बढि कार्यालय वा स्थानीय निकायबाट खरिद गर्न सकिने र कुनै एक कार्यालयमा मात्र पेश गर्न सकिने " भन्ने शब्दहरु राखिएका छन् ।

(७) उपनियम (७) हटाईएको छ ।

(८) उपनियम (८) मा रहेको "पन्ध" भन्ने शब्दको सट्टा "तीस " भन्ने शब्द राखिएको छ ।

(९) उपनियम (१२) को सट्टा देहायको उपनियम (१२) राखिएको छ :-

"पुन: बोलपत्र आव्हान गर्नु पर्दा उपनियम (२) को खण्ड (छ) बमोजिमको बोलपत्रदातालाई पनि कायम राखी बोलपत्र आव्हान गर्न सकिनेछ ।

तर यसरी कायम राखेको बोलपत्रदातालाई चित्त नबुझे आफ्नो बोलपत्र फिर्ता गरी पाउँ भनी पुन: बोलपत्र दाखिल गर्ने निर्धारीत म्यादको २४ घण्टा अगाडी दरखास्त दिएमा निजको बोलपत्र फिर्ता गरी दिनु पर्नेछ र यसरी बोलपत्र फिर्ता भएमा त्यस्तो बोलपत्र अस्वीकृत भए सरह जमानत फिर्ता गर्नुपर्नेछ । "

(१०) उपनियम (१३) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक बाक्यांश राखिएको छ ।

"तर विदेशी निर्माण व्यवसायीहरुको हकमा यो प्रावधान लागु नहुने तथा श्री ५ को सरकारले कुनै दुर्गम क्षेत्रको निमित्त यो वन्देज हटाएकोमा सोही बमोजिम हुनेछ । "

(११) उपनियम (१५) को सट्टा देहायको उपनियम (१५) राखिएको छ :-

"(१५) कुनै खरीद वा सार्बजनिक निर्माण कार्यको निमित्त बोलपत्र आव्हान गर्दा प्राविधिक र आर्थिक प्रस्ताव एउटै खाममा लिई मूल्यांकन गरेर ठेक्का दिने व्यवस्था गर्नु पर्नेछ । यसरी बोलपत्र आव्हान गर्दा बोलपत्र सम्बन्धी कागजातमा कामको प्रकृति र आबश्यकता अनुसार सामान्यत: देहायका प्राविधिक पक्षको मूल्यांकनका आधार स्पष्ट रुपले खुलाउनु पर्नेछ:-

(क) प्रस्तावित कार्यको निमित्त आवश्यक अनुभव,

(ख) प्रस्तावित जनशक्तिको आवश्यक कार्यदक्षता तथा योग्यता,

(ग) आवश्यक प्राविधिक मालसामान तथा उपकरण,

(घ) आर्थिक अवस्था खुल्ने आवश्यक विवरण, जस्तै न्युनतम सरदर कारोवार, चालु पूँजी, नेटवर्थ, ऋण, ऋण लिन सक्ने क्षमता,

(ङ) मालसामानको प्राविधिक स्पेसिफकेशन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

285

(च) मालसामान आपूर्ति वा निर्माण कार्य तालिका ।"

(१२) उपनियम (१५) पछि देहायका उपनियम (१५क) र (१५ख) थपिएका छन्:-

"(१५क) उपनियम (१५) मा उल्लिखित मूल्यांकनका आधारहरु पूरा नभएमा त्यस्तो बोलपत्र स्वीकार गर्न सकिने छैन ।

(१५ख) उपनियम (१५) को प्रकृया पूरा गरी कुनै खरीद वा सार्वजनिक निर्माण सम्बन्धी काम गराउँदा प्रिक्वालीफिकेशन गराई रहन आवश्यक पर्ने छैन ।"

(१३) उपनियम (१६) र (१७) झिकिएका छन् ।

(१४) उपनियम (१७) पछि देहायका उपनियम(१८), (१९), (२०), (२१), (२२) र (२३) थपिएका छन् :-

"(१८) कृत्रिम प्रतिस्पर्धा हुने गरी आपसमा मिली बोलपत्र दिएमा त्यसरी मिलोमतो गर्नेको बोलपत्र रद्ध गरी धरौटी जफत गरी त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम कालो सूचीमा समावेश गरी सम्बन्धित निकायलाई जानकारी दिनु पर्नेछ ।

(१९) आपसमा मिलेर बोलपत्र राखेको भन्ने कुराको कसैले प्रमाण सहित बोलपत्र आव्हान गर्ने कार्यालयमा उजुर गर्न सक्नेछ । यसरी परेको उजुर उपर छानबीन गर्दा सत्य ठहरिएमा उपनियम (१८) बमोजिम गरिनेछ ।

(२०) सम्झौता भई ठेक्का कार्य शुरु भएपछि पनि मिलोमतो वा आर्थिक प्रलोभन दिई वा बल प्रयोग गरी प्रतिस्पर्धाबाट बंचित गराएको कुरा कसैको उजुरीबाट वा अन्य कुनै तरिकाबाट देखिएमा त्यस्तो ठेक्का रद्ध गरी धरौटी र अन्य रकम जफत गर्ने र त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम कालोसूचीमा समावेश गर्नु पर्नेछ । आर्थिक प्रलोभनमा परी प्रतिस्पर्धाबाट हट्ने बोलपत्रदाताको नाम समेत कालोसूचीमा समावेश गरी राख्नु पर्नेछ ।

(२१) माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्र पेश गर्नु पर्ने अन्तिम मितिले तीस दिनभित्र कसैले उजुर नगरेमा वा बोलपत्र स्वीकृत हुनु अगावै स्थानीय निकायलाई अन्य कुनै तवरबाट जानकारी हुन नआएमा उपनियम (१८) र (१९) बमोजिम कारवाही हुने छैन ।

(२२) ठेक्का प्राप्त गर्ने उद्देश्यले अन्य प्रतिस्पर्धीलाई कुनै प्रकारले बोलपत्र प्रस्तुत गर्न कसैले रोकेमा त्यस्ताबाट दाखिला हुने बोलपत्र रद्ध गरी धरौटी रकम जफत गर्न सकिनेछ।

(२३) उपनियम (२०) बमोजिमको कार्य भएको छ छैन भनी छानबीन गर्न स्थानीय निकायले जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयका अधिकृत प्रतिनिधि समेत रहेको समिति गठन गर्नु पर्नेछ ।

(२४) उपनियम (२३) अन्तर्गतको समितिले गरेको छानबीनबाट सो कार्य भएको देखिएमा स्थानीय निकायले उपनियम (२०) बमोजिम कारवाही गर्नु पर्नेछ ।"

२७. **मूल नियमावलीको नियम ६१ मा संसोधन :** मूल नियमावलीको नियम ६१ को;-

(१) खण्ड (क) झिकिएको छ ।

(२) खण्ड (च) मा रहेका "गलत उल्लेख गरेको" भन्ने शब्दहरु पछि "वा स्थानीय एजेन्ट भएर पनि स्थानीय एजेन्ट नदेखाएको" भन्ने शब्दहरू थपिएका छन् ।

(३) खण्ड (छ) मा रहेको "कर" भन्ने शब्दको सट्टा"आन्तरिक राजस्व" भन्ने शब्दहरु राखिएका छन् ।

२८. **मूल नियमावलीको नियम ६२ मा संसोधन :** मूल नियमावलीको नियम ६२ मा रहेको "कर कार्यालय" भन्ने शब्दको सट्टा "आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरू राखिएका छन् ।

२९. **मूल नियमावलीको नियम ६३ मा संसोधन :** मूल नियमावलीको नियम ६३ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) बमोजिम बोलपत्र खोल्दा कुनै बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको बोलपत्रमा हस्ताक्षर नभएको, अंक अक्षर स्पष्ट नभएको, केरमेटमा सही नभएको, अंक र अक्षरमा उल्लिखित रकम फरक भएको पाइएमा वा बोलपत्रमा अन्य कुनै उल्लेखनीय कुरा भएमा मुचुल्कामा सोही कुरा उल्लेख गरी उपस्थित सबैको दस्तखत गराई राख्नुपर्नेछ ।"

३०. **मूल नियमावलीको नियम ६४ मा संसोधन :** मूल नियमावलीको नियम ६४ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग) बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भई नआएको "

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) निर्माणकार्यको परिमाण सूची (विल अफ क्वान्टीटी) को प्रत्येक आइटमको दररेट भरी नआएको,"

३१. **मूल नियमावलीको नियम ६५ मा संशोधन** : मूल नियमावलीको नियम ६५ को,-

(१) खण्ड (क) को शुरुमा "नियम ५९ को मापदण्ड विपरीतको र" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) यस नियमावली बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये यस नियमावलीले तोकेका मूल्यांकनका आधारहरु पूरा गरेको न्यूनतम अंक कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।"

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) लागत अनुमान भयकोमा सो लागत अनुमान हुँदा कायम भएको अंक भन्दा दश प्रतिशतसम्म बढी भएमा कारण खुलाई न्यूनतम मूल्यांकित बोलपत्र एकतह माथिको अधिकारीबाट लिखित सहमति लिई स्वीकृति गर्न सकिनेछ । लागत अनुमानको दश प्रतिशत भन्दा बढी भएमा पून: बोलपत्र आह्वान गर्नुपर्नेछ । पून: बोलपत्र आह्वान गर्दापनि लागत अनुमानको दश प्रतिशत भन्दा बढी भएमा लागत अनुमानको पूनरावलोकन गरी पून: बोलपत्र आह्वान गर्नु पर्नेछ ।"

(४) खण्ड (ट) को उपखण्ड (१) मा रहेका "काम गर्ने प्रस्ताव भएकोलाई प्राथमिकता दिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "काम गर्नुपर्ने शर्त राख्नु पर्नेछ" भन्ने शब्दहरु र उपखण्ड (२) मा रहेका "पाँच करोड" भन्ने शब्दहरुको सट्टा "पच्चीस करोड" भन्ने शब्दहरु राखी सोही खण्डको उपखण्ड (३) र (४) झिकिएका छन् ।

(५) खण्ड (ठ) र (ड) झिकिएका छन् ।

(६) खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपिएको छ :-

"(ण) यस नियमावली बमोजिम वोलपत्र स्वीकृत गर्दा वोलपत्रको तुलनात्मक तालिका बनाई वोलपत्र स्वीकृत गर्नु पर्नेछ । वोलपत्र स्वीकृत भएपछि वोलपत्रदाताहरुको नाम नामेसी, सबै वोलपत्रदाताको मूल्याङ्कित अंक र स्वीकृत भएको वोलपत्रको स्वीकृतिका आधार र अंक समेत खुलाई सार्वजनिक गर्नु पर्नेछ ।"

३२. **मूल नियमावलीमा नियम ६५क. थप** : मूल नियमावलीको नियम ६५ पछि देहायको नियम ६५क. थपिएकोछ:-

"६५क. भेरिएशन आदेश : कुनै कार्यको ठेक्का सम्झौता भई काम शुरु गरिसकेपछि भेरिएशन आदेश गर्नुपर्ने अवस्था भएमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) ठेक्का सम्झौता रकमको पन्ध्र प्रतिशत भन्दा बढी खर्च हुने गरी भेरिएशन आदेश दिनु हुँदैन । यसरी आदेश दिएमा स्वीकृत गर्ने अधिकारीले व्यहोर्नु पर्नेछ ।

(ख) बजेट व्यवस्था नगरी भेरिएशन आदेश दिनु हुँदैन ।

(ग) प्रत्येक भेरिएशन आदेशमा दररेट, थप म्याद, मूल्य बृद्धि, क्षतिपूर्तिमा असर पर्ने नपर्ने विवरण खुलाउनु पर्नेछ ।

(घ) ठेक्का सम्झौता अनुसारको दररेट भन्दा बढी दररेट हुने गरी भेरिएशन आदेश दिनु हुँदैन ।

(ङ) बढी दररेट तर कम परिमाण भएका आइटममा शत प्रतिशतभन्दा बढी हुने गरी भेरिएशन आदेश दिनु हुँदैन ।

(च) भेरिएशन आदेश दिँदा प्रत्येक भेरिएशन आदेशमा भेरिएशनको प्रकृति, ठूला आइटम, साना आइटम, म्याद थप दिनु पर्ने वा नपर्ने र पर्ने भए कति दिन, भेरिएसन आइटमको नयाँ दररेट वील अफ क्वान्टिटीको आइटम भन्दा घटिबढी, अद्यावधिक फेर बदल, जम्मा सम्झौता रकमको कति प्रतिशत, थप रकम कहाँबाट कसरी जुटाउने, भेरिएशन आदेश पछिको जम्मा जम्मी ठेक्का पट्टा रकम शुरु सम्झौता रकमको कति प्रतिशत हुने स्पष्ट गर्नु पर्ने ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "भेरिएशन आदेश" भन्नाले ठेक्का पट्टा सम्झौता कार्यान्वयनको अवस्थामा शुरु सम्झौताको कार्य परिमाणमा थप, घट, नयाँ आइटम थप्ने वा सट्टा गर्ने अवस्था उत्पन्न भई उपलब्ध बजेट रकमको परिधि भित्र रही साविक ठेक्काबाट यस्ता फेरवदल गर्दा नयाँ ठेक्का पट्टा व्यवस्था गर्न भन्दा किफायती हुने तथा खर्चको प्रभावकारीता बढ्ने अवस्थामा अधिकार प्राप्त अधिकारीले दिने आदेश सम्झनु पर्छ ।"

३३. **मूल नियमावलीको नियम ६६ मा संशोधन** : मूल नियमावलीको नियम ६६ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

(१) उपनियम (१), (२) र (३) मा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टा "दश लाख" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) को अन्त्यमा "यसरी घटाघट गराई सकेपछि घटाघटमा बोलिएको अंकलाई तालीकामा उल्लेख गरी मुचुल्का वनाई उपस्थित प्रतिनिधिहरुको दस्तखत समेत गराउनु पर्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

(३) उपनियम (४) पछि देहायका उपनियम (५) र (६) थपिएका छन् :-

"(५) यस नियम वमोजिम घटाघट गराउँदा सिलवन्दी वा खुला वोलकवोलको माध्यमवाट गर्न सकिनेछ ।

(६) यस नियम बमोजिम घटाघट गराउँदा योग्यता पुगेका कम्तीमा तीन वटा दरखास्तवालाको सहभागिता हुनु पर्नेछ ।"

३४. **मूल नियमावलीको नियम ६९ मा संशोधन** : मूल नियमावलीको नियम ६९ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर कार्यालयमा रहेका खास किसिमका मेशिन, औजार तथा उपकरणको हकमा त्यस्ता उपकरणको सूची बनाई सो सम्बन्धी मर्मत गर्ने व्यक्ति वा संस्थाबाट नियम ५२ को परिधिभित्र रही सेवा करारको माध्यमवाट मर्मत गर्न सकिनेछ ।"

३५. **मूल नियमावलीको नियम ७० मा संशोधन** : मूल नियमावलीको नियम ७० को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) बमोजिम काम गराउने प्रयोजनको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी उनीहरुको लगत अद्यावधिक गर्नु पर्नेछ ।"

३६. **मूल नियमावलीको नियम ७१ मा संशोधन** : मूल नियमावलीको नियम ७१ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) आफ्नो समितिको दर्ता, नवीकरण, साधारण सभा तथा वार्षिक कार्यक्रम र वजेटको विवरण सम्वन्धित स्थानीय निकायमा पेश गर्ने ।"

३७. **मूल नियमावलीको नियम ७३ मा संशोधन** : मूल नियमावलीको नियम ७३ को उपनियम (२) मा रहेका "पचास हजार" भन्ने शब्दहरुको सट्टा "एक लाख" भन्ने शब्दहरु राखिएका छन् ।

३८. **मूल नियमावलीमा परिच्छेद ५क. थप** : मूल नियमावलीको नियम ८४ पछि देहायको "परिच्छेद ५क." थपिएको छ :-

"परिच्छेद ५क.

स्थानीय निकायको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्वन्धी व्यवस्था

८४क. स्थानीय निकायले आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्त गर्न सक्ने :(१) ऐन र यस नियमावलीको अधीनमा रही स्थानीय निकायको सम्वन्धित परिषद्ले निर्णय गरे अनुसारको दरको कर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न सम्वन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर स्थानीय निकायको राजस्व वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का वन्दोवस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का वन्दोवस्त गर्न सकिने छ ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "आन्तरिक आय" भन्नाले श्री ५ को सरकारवाट प्राप्त हुने अनुदान, राजस्व वाँडफाँडवाट प्राप्त हुने रकम तथा अन्य विशेष प्रकृतिको अनुदान वाहेक स्थानीय निकायले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनुपर्छ ।

(२) दुई वा दुई भन्दा वढी स्थानीय निकायको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपनियम(१) बमोजिम ठेक्का वन्दोवस्त गर्न सक्नेछन् ।

(३) स्थानीय निकायले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का वन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम ठेक्का वन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलव्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि परिषद्ले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख रुपैयाँभन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र एकलाख रुपैयाँभन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नियम ५९ को उपनियम (५) मा उल्लिखित कार्यालयहरुमा पनि टाँस गर्ने व्यवस्था गर्नु पर्नेछ । सोभन्दा बढी भएमा कम्तीमा एक्काईस दिनको म्याद दिई राष्ट्रियस्तरको "क" वर्गको दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(१) साबिकमा ठेक लागि आएको भए कति रकम र के शर्तमा ठेक लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने राजस्वको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान (स्थान खुलाउँदा सम्बन्धित स्थानीय निकायको निर्णयले एकभन्दा बढी स्थानीय निकाय र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिने वा इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ,

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा सम्बन्धित स्थानीय निकायको निर्णयले एकभन्दा बढी स्थानीय निकाय र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ),

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा बैंक ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम बोलपत्रको मूल्य कायम गर्दा नियम ५९ को उपनियम (२) मा उल्लेख भए बमोजिमको मूल्य कायम गर्नु पर्नेछ ।

(छ) खण्ड (ङ) बमोजिम प्रकासित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि नियम ५९,६०,६१,६२,६३ र ६४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) वमोजिम प्रथम पटक वोलपत्र आव्हान गर्दा वोलपत्र पर्न नआएमा वा तीनवटा भन्दा कम बोलपत्र प्राप्त भएमा पुनःसूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) वमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक वढावढको सूचना प्रकाशन गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) बढाबढ हुने स्थानीय निकायको कार्यालय वा अन्य कुनै स्थान,
(२) बढाबढ हुने समय र मिति, र
(३) अन्य आवश्यक कुराहरु ।

(५) उपनियम (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको रुपैयाँको अङ्कको सयकडा पाँच र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको सयकडा दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय निकायको नाममा उक्त सूचनामा तोकिएको बैंकमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको सूचनामा तोकिए बमोजिम म्याद भएको बिडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीय निकायले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

८४ख. ठेक्का स्वीकृत गर्ने : (१) नियम ८४क. को उपनियम (४) अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक स्थानीय निकायले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपुर्बकका कम्तीमा तीन वटा बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) प्रथम पटक बोलपत्र आव्हान गर्दा तीन वटा भन्दा कम बोलपत्र दाखिला भएमा ती बोलपत्रलाई कायमै राखी पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ ।

तर यसरी कायमै राखेका बोलपत्रदाताले पहिले पेश गरेको बोलपत्रमा कबुल गरेको अंङ्मा बृद्धि हुने गरी पूरक बोलपत्र पेश गर्न चाहेमा थप कबुल अङ्कको मात्र नियमानुसार धरौटी थप गरी पूरक बोलपत्र पेश गर्न सक्नेछ ।

(४) दोस्रो पटक बोलपत्र आव्हान गर्दा रितपूर्वकको एउटामात्र बोलपत्र परेमा पनि स्थानीय निकायले सूचनामा प्रकाशित गरेको न्यूनतम अङ्क भन्दा बढी भएमा त्यस्तो बोलपत्र स्वीकृत गर्न सकिनेछ ।

(५) नियम ८४क. को उपनियम (४) को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै नियम ८४क. को उपनियम (५) बमोजिमको धरौटी वा बैंक ग्यारेन्टी लिइ स्वीकृत गर्नु पर्नेछ ।

(६) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार नियम २३ र नियम ४१ मा उल्लिखित अधिकारीहरुलाई सोही नियमहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

८४ग. पट्टा दिने र कबुलियत गराउने : (१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने स्थानीय निकाय वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा स्थानीय गाँउ विकास समितिका सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने स्थानीय निकायको सचिवले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।

(४) स्थानीय निकायले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । स्थानीय निकायको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले स्थानीय निकायलाई कुनै हानि नोक्सानी भएमा जसको ढीलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानि नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक अङ्कको कुल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वैंकको कम्तीमा ६ महिना म्याद भएको परफरमेन्स वोण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची-१५० क बमोजिम कवुलियत गराई अनुसूची-१५० खबमोजिम पट्टा दिनु पर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ८४क. को उपनियम (४) बमोजिम राखेको जमानत जफत भई स्थानीय निकायको कोषमा दाखिला हुनेछ ।

८४घ. ठेक रकमको किस्ता बुझाउने तरिका: (१) स्थानीय निकायले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अंक निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छूट दिन सकिनेछ ।

तर यस्तो छूटको प्रतिशत वोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

८४.ङ ठेक्का तोड्ने : (१) पट्टा कबुलियतको कुनै शर्त बखिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस नियमावली बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले स्थानीय निकायले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय निकायले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित स्थानीय निकायले फिर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुन: दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ र निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय निकायहरु र श्री ५ को सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गनिमहशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट स्थानीय निकायलाई भएको नोक्सानी र स्थानीय निकायले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने स्थानीय निकायले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

(६) स्थानीय निकायले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानि नोक्सानी स्थानीय निकायले व्यहोर्नु पर्नेछ ।"

३९. **मूल नियमावलीको नियम १०१ मा संशोधन :** मूल नियमावलीको नियम १०१ को सट्टा देहायको नियम १०१ राखिएको छ ।

"१०१. कर्मचारीको दैनिक भत्ता तथा भ्रमण खर्च सम्वन्धी व्यवस्था : (१) स्थानीय निकायमा कार्यरत कर्मचारीहरुले पाउने

दैनिक भत्ता तथा भ्रमण खर्च सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) स्थानीय निकायको काममा भ्रमण वा काज खटाउन सक्ने अधिकारी: स्थानीय निकायको काममा मुलुक भित्र भ्रमण वा काजमा जिल्ला विकास समितिको सचिव र सो सरहको कर्मचारीलाई स्थानीय विकास मन्त्रालयले र सोभन्दा मुनिका कर्मचारीलाई सम्वन्धित स्थानीय निकायको सचिव वा निजले अधिकार सुम्पेको अधिकृतले खटाउन सक्नेछ ।

(ख) कुनै पनि स्थानीय निकायको पदाधिकारी वा कर्मचारीलाई मुलुक बाहिर स्थानीय निकायको काममा भ्रमण वा काजमा खटाउनु पर्दा स्थानीय विकास मन्त्रालयले खटाउन सक्नेछ ।

(ग) स्थानीय निकायको काममा भ्रमण वा काजमा खटाउँदा भ्रमण आदेश भरी अनुसुची-१५५ को ढाँचामा अभिलेख राखी भ्रमण वा काजमा खटाउनु पर्नेछ । भ्रमण यथासम्भव कम खर्चिलो बाटो वा साधनबाट गर्नु पर्ने गरी तोकिदिने कर्तव्य भ्रमण वा काजमा खटाउन सक्ने अधिकारीको हुनेछ ।

(घ) दैनिक भत्ता तथा भ्रमण खर्च दिने प्रयोजनको लागि कर्मचारीहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएकोछ :-

(१) जिल्ला विकास समिति वा नगरपालिकाको सचिव - प्रथम तह

(२) अधिकृतस्तरका कर्मचारी - द्वितीय तह

(३) अन्य कर्मचारी - तृतीय तह

(ङ) स्थानीय निकायको कामको सिलसिलामा नेपाल अधिराज्यभित्र भ्रमण गर्नु पर्दा भ्रमणको लागि टिकट लिनु पर्ने भएमा टिकटलाई लागेको खर्च भुक्तानी दिइनेछ ।

(च) स्थानीय निकायको कुनै कर्मचारीले कुनै भ्रमणको साधनको टिकट लिईसके पछि भ्रमणमा खटाउने अधिकारीको आदेशबाट उक्त टिकट फिर्ता गर्नु पर्ने भएमा निजले त्यसरी टिकट फिर्ता गरे बापत लाग्ने महसूल कार्यालयबाट पाउनेछ । टिकट फिर्ता गर्नु पर्ने वा हवाई उडानको मिति परिवर्तन भई सो दिन उडान नभै घर फर्कनुपर्ने स्थिति भएमा सम्वन्धित निकायबाट प्रमाणित गराई त्यस्तो कर्मचारीले ट्याक्सी, रिक्सा, बस भाडाको रकम भुक्तानी कार्यालयबाट लिन पाउनेछ ।

(छ) हवाई यातायातको सुविधा प्रयोग गरी जान सकिने स्थानमा उक्त सुविधा पाउने कर्मचारीले सतहमा चल्ने सार्वजनिक यातायात (ट्याक्सी बाहेक) का साधनबाट भ्रमण गरेमा निजले त्यस्तो सार्वजनिक यातायातको साधनको भाडा दरको दोब्बर रकम पाउनेछ ।

(ज) स्थानीय निकायको कामको सिलसिलामा आफ्नो कार्यालयभन्दा बाहिर भ्रमणमा गई फर्कन नसकी रात बिताउनु पर्ने भएमा भ्रमण वा काजमा खटिएका कर्मचारीले अनुसूची-१५१ बमोजिमको दैनिक भत्ताको अतिरिक्त सोही अनुसूचीमा उल्लिखित रकममा नबढाई बिल बमोजिमको बढीमा सात दिनसम्मको होटल बास खर्च पाउनेछ ।

(झ) बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकै दिन गई फर्कने गरी स्थानीय निकायको काममा काज खटी जाने कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च मात्र पाउनेछ ।

(ञ) कुनै कर्मचारीले भ्रमण वा काजको सिलसिलामा विदा लिई बसेमा यस्तो विदामा बस्दाको अवधिको निजले दैनिक भत्ता तथा भ्रमण खर्च पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) एक स्थानीय निकायबाट अर्को स्थानीय निकायमा सरुवा वा बढुवा भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा देहाय बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च दिईनेछ । तर होटल बास खर्च दिइने छैन:-

(क) एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक स्थानीय निकायबाट ६ कोषभन्दा बढी दूरी भएको अर्को स्थानीय निकायमा सरुवा, बढुवा वा कायम मुकायम भै जाने कर्मचारीले पाउने दैनिक भत्ता तथा भ्रमण खर्च बापतको रकमको फाँटवारी र भ्रमण भत्ताको बिल साबिक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्राप्त फाँटवारी उपर सम्बन्धित स्थानीय निकायले जाँचवुझ गरी नियम
अनुसार पाउनु पर्ने रकम भुक्तानी दिनु पर्नेछ । यसरी भुक्तानी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

(१) प्रथम र द्वितीय तहका कर्मचारीलाई सम्भव भएसम्म छोटो र मितव्ययी हवाई मार्गबाट भ्रमण गर्दा लाग्ने हवाई भाडा वा बस भाडा, यस नियमावली बमोजिम पाउने दैनिक भत्ता र फुटकर खर्च वापत एकमुष्ट एक हजार रुपैयाँ दिनु पर्नेछ ।

(२) तृतीय तहका कर्मचारीलाई हवाई मार्गबाट भ्रमण गर्दा कम खर्चिलो हुने भएमा लाग्ने हवाई भाडा वा बस भाडा यस नियमावली बमोजिम पाउने दैनिक भत्ता र फुटकर खर्च वापत एकमुष्ट एक हजार रुपैयाँ दिनु पर्नेछ ।

(३) सरुवा, बढुवा वा कायम मुकायम भई जाँदा यातायातको सुविधा नभएको स्थानमा पैदल हिंड्नु पर्दा प्रतिदिन छ कोषका दरले भ्रमणमा लाग्ने दिन गणना गरी दैनिक भत्ता दिनु पर्नेछ । पैदल हिंड्नु पर्ने कोषलाई पाँचले भाग गर्दा बाँकी रहन आउने भएमा बाँकी कोषको लागि आधा दिनको दैनिक भत्ता दिनु पर्नेछ ।

(४) सरुवा, बढुवा वा कायम मुकायम भई खटिएको कार्यालयमा हाजिर हुन जाने कर्मचारीलाई परिवार लैजाने प्रयोजनका लागि निजले खण्ड (क) वा (ख) बमोजिम पाउने रकम बराबर थप गरी दिनु पर्नेछ ।

तर फूटकर खर्चको थप दिइने छैन ।

(५) यस उपनियम बमोजिम भ्रमणमा खटिने कर्मचारीले मागपत्र र स्वीकृतिपत्र देखि बाहेक अरु बिल भर्पाई पेश गर्नु पर्ने छैन ।

(३) मुलुकभित्र वा बाहिर हवाइजहाज, पानीजहाज, रेल, बस, मिनीबस आदि साधनद्वारा भ्रमण गर्दा कर्मचारीले खटिएको ठाउँमा जाँदा र सो ठाउँबाट फर्की आउदा भ्रमण वा काज अवधिभर सात लाख पचास हजार रुपैयाँको बीमा गराउनका लागि लाग्ने खर्च पाउनेछ ।

(४) कुनै कर्मचारी जुन सुकै कारणबाट स्थानीय सेवाबाट अलग भई घर फर्कनु परेमा निज जुन तहबाट सेवा अलग भएको हो सोही तह अनुसार यस नियमावली बमोजिम दैनिक भत्ता तथा भ्रमण खर्च निजलाई वहाल टुटेको कार्यालयबाट दिइनेछ ।

तर त्यस्तो सुविधा अस्थायी कर्मचारीलाई दिइने छैन ।

(५) कुनै कर्मचारीको आफू खटिएको जिल्लामा मृत्यु भएमा निजको पति वा पत्नीलाई घर फर्कदा यस नियमावली बमोजिम पाउने दैनिक भत्ता तथा भ्रमण खर्च कर्मचारी खटिएको कार्यालयबाट दिइनेछ ।

(६) हवाई यातायातबाट यात्रागर्दा कम खर्चिलो हुने भएमा अधिकार प्राप्त अधिकारीले जुनसुकै तहको कर्मचारीलाई पनि हवाई यातायातको साधन प्रयोग गर्ने आदेश दिन सक्नेछ । यसरी आदेश दिंदा कुन स्थानबाट कुन स्थानसम्म हवाई यातायातको साधन प्रयोग गर्ने हो स्पष्ट रुपमा तोकिदिनु पर्नेछ ।

(७) सरुवा वा बढुवा भई जाने अवस्थामा बाहेक अन्य अवस्थामा भ्रमणमा खटिने कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी सात दिन भित्र भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

तर उडान बीमाको हकमा सो बीमाको नम्बर मात्र पेश गरे हुन्छ ।

(८) जिल्ला भित्रको ठाउँ ठाउँको दूरीको विवरण सम्बन्धित जिल्ला विकास समितिले तयार गरी राख्नु पर्नेछ र जिल्ला भित्रका सबै स्थानीय निकायलाई उपलब्ध गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) स्थानीय निकायको काममा स्थानीय निकायका कर्मचारी तथा पदाधिकारी बाहेक अन्य व्यक्तिलाई नेपाल अधिराज्य भित्र वा विदेशमा भ्रमण गराउने निर्णय भएमा निजले पाउने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सहलियत सम्बन्धित निर्णयमा उल्लेख भए बमोजिम हुनेछ । तर यस्तो दैनिक तथा भ्रमण भत्ताको दर प्रथम तहको कर्मचारीको भन्दा बढी हुने छैन ।

(१०) स्थानीय निकायको कामको सिलसिलामा कुनै कर्मचारी हवाइजहाजद्वारा विदेशमा यात्रा गर्नु पर्दा इकोनोमि क्लासको भ्रमण खर्च पाउनेछ ।

(११) कुनै कर्मचारीलाई अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा, बैठक, तालीम, अध्ययन भ्रमण र अन्य कुनै स्थानीय निकायको कामको सिलसिलामा अनुसूची-१५१ मा उल्लिखित मुलुकहरुको भ्रमणमा जाँदा सोही अनुसूचीमा व्यवस्था भए बमोजिमको दरले दैनिक भत्ता दिइनेछ ।

तर होटलको बिल पेश गरेको खण्डमा वास खर्च बापत बिल बमोजिमको रकम र सो मुलुकको लागि तोकिएको दैनिक भत्ता दरको चालीस प्रतिशत मात्र दैनिक भत्ता दिइनेछ । बास खर्च दैनिक भत्ता दरको रकम भन्दा बढी भुक्तानी हुने छैन । तर यस उपनियम बमोजिम विदेश जाँदा यस नियमावली बमोजिम दैनिक भत्ता पाउनेमा प्रस्थान गरेको दिनको पूरै र भ्रमणबाट फर्केको दिनको हकमा सो दिनभन्दा अघिल्लो दिनको लागि पाउने दैनिक भत्ताको आधा पाउनेछ ।

(१२) उपनियम (११) बमोजिम अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा, वार्ता वा बैठकमा जाँदा कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाको तर्फबाट खाना बस्नको प्रबन्ध भई पकेट खर्च बापत रकम दिने व्यवस्था नभएकोमा त्यस्ता कर्मचारीलाई प्रतिदिन दश अमेरिकी डलर पकेट खर्चको रुपमा दिइनेछ । तालिम वा अध्ययनको लागि गएकोमा पकेट खर्च दिइने छैन ।

(१३) कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाबाट खान बस्नको लागि रकम नै दिने भएमा उपनियम (१२) बमोजिम पकेट खर्च दिइने छैन ।

तर तालिम वा अध्ययन बाहेक उपनियम (११) बमोजिम अन्य काममा जाँदा उपनियम (१२) बमोजिम पाउने त्यस्तो रकम यस नियमावली बमोजिम पाउने दैनिक भत्ताभन्दा कम हुने भएमा त्यसरी कम भए जति रकम दैनिक भत्ताको रुपमा दिइनेछ ।

(१४) कुनै कर्मचारी जुन देशमा जाने भनी खटिएको छ सो देशमा आउँदा जाँदा बाटामा पर्ने मुलुकहरुमा ती मुलुकहरुमा जति पाउने भनी व्यवस्था भएको छ सोही बमोजिम मात्र पाउनेछ ।

(१५) उपनियम (११) बमोजिम विदेशमा जाँदा वा आउदा बाटोमा पर्ने कुनै मुलुकमा रात विताउनु पर्दा सवारी साधन उपलब्ध गराउने संस्थाले खाने बस्ने प्रवन्ध नगरेकोमा त्यस्तो रात बिताएको अवस्थामा उपनियम (११) बमोजिमको खर्च दिइनेछ ।

(१६) अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा जांदा वाटामा लाग्ने दिन र सम्मेलन शुरु हुने अघिल्लो दिनदेखि समाप्त भएको भोलि पल्टसम्मलाई जति दिन लाग्छ त्यसभन्दा बढी आफू खुशी मुकाम गरेकोमा दैनिक भत्ता दिइने छैन ।

(१७) उपनियम (११) बमोजिम विदेशमा जाँदा अपर्झट विरामी परी अस्पताल भर्ना भई उपचार गराउनु परेमा त्यस्तो उपचारको लागि भएको प्रमाणित रकम सम्बन्धित संस्थाले नव्यहोरेको खण्डमा स्थानीय निकायले भुक्तानी दिनेछ ।

(१८) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१५१ को प्रकरण (५) मा उल्लेख भएका भारतका सीमावर्ती शहरहरुमा भ्रमण गर्नु पर्दा अनुसूची-१५१ को प्रकरण (२) को खण्ड (क) बमोजिमको दैनिक भत्ता र उपनियम (११) बमोजिम वास खर्च दिइनेछ ।

(१९) अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, बैठक, निमन्त्रणा, प्रतिनिधिमण्डल, तालिम, अध्ययन, उत्सव मेला आदिमा भाग लिन स्थानीय निकायबाट खटिई जाने प्रथम र द्वितीय तहका कर्मचारीलाई सात हजार रुपैयाँ र तृतीय तहका कर्मचारीलाई पाँचहजार पाँचसय रुपैयाँ लुगा भत्ता वापत दिइनेछ ।

तर साधारणतया जाने कार्यक्रम निश्चित नभई कुनै पनि कर्मचारीलाई लुगा भत्ता दिइने छैन ।

(२०) उपनियम (१९) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा लुगा भत्ता दिइने छैनः-

(क) तालिम बाहेक नेपाल अधिराज्यको सीमानासँग जोडिएको विदेशी सीमाना क्षेत्रमा जाँदा,

(ख) कुनै विदेशी सरकार वा संघ संस्थाहरुवाट लुगा भत्ता दिइने व्यवस्था भएमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२१) उपनियम (१९) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम जाने कार्यक्रम निश्चित भई लुगा भत्ता दिइसकेपछि स्थानीय निकायको निर्णयले जान नपाउने भएमा सो लुगा भत्ता बापत पाएको रुपैयाँ सम्वन्धित कर्मचारीले सो रकम बुझेको मितिले पैतीस दिनभित्र फिर्ता गर्नु पर्नेछ ।

(२२) लुगा भत्ता पाउने कर्मचारीले स्वयं जान नचाहेमा वा राजीनामा दिएमा वा स्थानीय निकायको नोकरीबाट अलग भएमा जान नचाहेको वा राजीनामा स्वीकृत भएको वा नोकरीबाट बर्खास्त भएको पैतीस दिनभित्र एकमुष्ट रकम फिर्ता गर्नु पर्नेछ ।

(२३) उपनियम (२२) बमोजिमको अवस्था परी जान नपाउने भए लुगा भत्ता लिने कर्मचारी बहालवाला भए तलब खुवाउने अधिकारीले निजको तलबबाट कट्टा गरी असुल गर्नु पर्नेछ र बहाल टुटेको भए पैंतीस दिनभित्र फिर्ता बुझाउनु पर्नेछ । पैंतीस दिनभित्र त्यस्तो रकम फिर्ता नबुझाएमा लुगा भत्ता बापत पाएको रुपैयाँ निजसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२४) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाबाट वा स्थानीय निकायबाट एक पटक लुगा भत्ता पाएको कर्मचारीले सो लुगा भत्ता पाएको मितिले दुई वर्ष भुक्तान नभई अर्को लुगा भत्ता पाउने छैन ।

(२५) लुगा भत्ता निकासा लिनेले दोहोरो पर्ने गरी लिनु हुँदैन । जानी जानी यस्तो दोहोरो पर्ने गरी लिनेलाई विभागीय कारबाही गरी बिगो र बिगो बमोजिम जरीवाना गरी असुल गरिनेछ ।

(२६) अन्तर्राष्ट्रिय सम्मेलन आदिमा भाग लिन श्री ५ को सरकार वा स्थानीय निकायबाट खटिई वा तालिममा विदेश जानेले कुनै सरकारी वा अन्य कुनै संस्थाबाट लुगा भत्ता पाएमा यस नियमावली बमोजिम पाउने नपुग रकम मात्र स्थानीय निकायबाट थप दिइनेछ ।

(२७) उपनियम (२०) बमोजिम पाउने लुगा भत्ता सम्मेलन, सेमिनार, वैठक, तालीम, अध्ययनमा भाग लिन जानु अघि कारणवश भुक्तानी लिन नपाई फर्की आए पछि सोधभर्ना भुक्तानी लिएकोमा उपनियम (२४) को प्रयोजनको लागि भाग लिन गएको मितिबाट दुई वर्षको अवधि गणना गर्नुपर्नेछ ।"

(२८) निमित्त वा कायम मुकायम भएको कर्मचारी विदेश भ्रमणमा जाने भएमा निजलाई निमित्त वा कायम मुकायम भएको पदले पाउने दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(२९) यस नियमावली बमोजिम पाउने सुविधा लिने प्रयोजनको लागि झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्ठा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम स्थानीय निकायको सेवामा भए पाउने तलबबाट कट्टा गरी लिइनेछ र अन्यको हकमा निजले पाउने जुनसुकै रकमबाट कट्टा गरिनेछ र कट्टा नगरेमा सम्बन्धित स्थानीय निकायले त्यस्तो कट्टा नगर्ने कर्मचारीको तलब समेतबाट असुल उपर गर्नु पर्नेछ र निजलाई विभागीय कारबाही समेत गरिनेछ ।"

४०. **मूल नियमावलीको नियम १०८ मा संसोधन** : मूल नियमावलीको नियम १०८ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "समितिले" भन्ने शब्दपछि "चौमासिक र वार्षिक आय व्यय विवरण जिल्ला विकास समितिमा" भन्ने शब्दहरू थपिएका छन् ।

४१. **मूल नियमावलीमा नियम ११७क., ११७ख. र ११७ग. थप** : मूल नियमावलीको नियम ११७ पछि देहायका नियम ११७क., ११७ख. र ११७ग. थपिएका छन्:-

"११७क. सरकारी बाँकी सरह असूल उपर गर्ने कार्यविधि :(१) ऐनको दफा २६० अनुसार असूल गर्न बाँकी रकम असूल गर्न स्थानीय निकायले राष्ट्रिय र स्थानीय पत्रिकामा एक्काईस दिनको म्याद दिई सम्बन्धित व्यक्तिका नाममा सूचना निकाल्नु पर्नेछ ।

(२) उपनियम (१) को सूचना निकाल्नुअघि रकम तिर्नु पर्ने व्यक्ति वा निजको परिवारको नाममा भएको सम्पत्ति वा त्यस्तो व्यक्तिले सरकारी कार्यालय वा स्थानीय निकायसँग कुनै रकम लिन बाँकी छ भने सम्बन्धित स्थानीय निकायले सो रोक्का गर्नु वा रोक्का गर्न लेख्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम रोक्का गर्न लेखिआएमा सरकारी कार्यालय वा स्थानीय निकायले रोक्का गरी सो को जानकारी स्थानीय निकायलाई दिनुपर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सूचनामा उल्लिखित म्याद भुक्तान भएपछि र उपनियम (२) बमोजिम सम्पत्ति वा रकम रोक्का भएपछि स्थानीय निकायले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को अनुसूची-१५३ को विवरण भरी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिमको विवरण प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले प्रचलित कानूनबमोजिम एक वर्षभित्र उक्त रकम असूल उपर गरी स्थानीय निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) यस नियम बमोजिम असूलउपर गर्नुपर्ने रकमको एक प्रतिशत बराबरको रकम स्थानीय निकायले जिल्ला प्रशासन कार्यालयलाई प्रशासनिक खर्चबापत एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।

(७) यस नियम बमोजिम असूलउपर भएको रकमको एक प्रतिशतसम्म रकम उक्त कार्यमा खटिएका प्रहरी कर्मचारी र एक प्रतिशतसम्म रकम जिल्ला प्रशासन कार्यालयका कर्मचारीलाई उक्त निकायको प्रमुखको सिफारिसमा स्थानीय निकायले पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ ।

११७ख. असूल हुन नसकेको रकमबारे छानवीन गर्ने : (१) जिल्ला विकास समिति वा नगरपालिकाको सचिवले पचास हजार रुपैयाँभन्दा बढी रकम असूलउपर हुन नसक्ने भनी जिल्ला विकास समिति वा नगरपालिका समक्ष कारणसहित प्रतिवेदन पेश गरेमा सम्वन्धित जिल्ला विकास समिति वा नगरपालिकाले सोबारे छानवीन गरी प्रतिवेदन पेश गर्न आवश्यकता अनुसार अवधि तोकी देहाय बमोजिमको समिति गठन गर्न सक्नेछ :-

(क) ऐनको दफा १८८ को उपदफा (४) बमोजिम गठित लेखा समितिको अध्यक्ष - संयोजक

(ख) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको कर्मचारी - सदस्य

(घ) समितिले आवश्यकतानुसार तोकेको अधिकृतस्तरको विशेषज्ञ - सदस्य

(ङ) जिल्ला विकास समिति वा नगरपालिकाको सचिव वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य-सचिव ।

(२) उपनियम (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

११७ग. वेरुजु वा पेश्की मिन्हा गर्ने :(१) नियम ११७ को उपनियम (४) अनुसार मिन्हा गरी फछर्यौट गर्नुपर्ने वेरुजु रकम वा पेश्की लिने कर्मचारी वा पदाधिकारीको मृत्यु वा वेपत्ता भई वा अन्य दैवी भवितव्य सम्वन्धी घटनाबाट पेश्की रकम मिन्हा दिई वेरुजु फछर्यौट गर्नु परेमा नियम ११७ ख बमोजिम छानवीन गराउनु पर्नेछ ।

तर पच्चीस हजार रुपैया भन्दा कम रकमको वेरुज वा पेश्की मिन्हा दिई फछर्यौट गर्नु पर्ने भएमा सो को कारण र पुष्ट्याइं सहित आर्थिक प्रशासन शाखा प्रमुखले सचिव समक्ष पेश गर्नुपर्नेछ र सचिवले सो रकम मिन्हा गर्न उपयुक्त देखेमा जिल्ला विकास समितिमा मिन्हा गर्नको लागि सिफारिश गर्नुपर्नेछ ।

(२) नियम ११७ख. बमोजिम छानवीन गरी असूल उपर हुन नसक्ने ठहरिएको रकम वा उपनियम (१) बमोजिम मिन्हा गर्नको लागि सिफारिश भएको पेश्की वा वेरुजु रकम जिल्ला विकास समितिले कारण, पुष्ट्याइं र औचित्य सहित मिनाहाको लागि जिल्ला परिषदमा पेश गर्नु पर्नेछ ।"

४२ **मूल नियमावलीको नियम १३० मा संसोधन :** मूल नियमावलीको नियम १३० को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन् :-

"(ङ) जिल्ला प्राविधिक कार्यालय प्रमुख ।

(च) जिल्ला विकास समितिको योजना तथा प्रशासकीय अधिकृत वा निजको अनुपस्थितिमा सभापतिले तोकेको जिल्ला विकास समितिको अधिकृत स्तरको कर्मचारी ।"

४३. **मूल नियमावलीको अनुसूचीमा संशोधन:** मूल नियमावलीको अनुसूची-१५१ को सट्टा यसैसाथ संलग्न अनुसूची-१५१ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१५० क

(नियम ८४ ग को उप नियम (५) सँग सम्बन्धित)

(कबूलियतको फाराम)

लिखितम .................को नाती..........................को छोरा.....................बस्ने वर्ष.........को ...............................आगे तपसील बमोजिमको शर्तमा तपसील बमोजिम क्षेत्रमा जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिको रकम ठेक्का बन्दोवस्त गर्ने गरी यस जिल्ला विकास समितिं /नगरपालिका/गाउँ विकास समितिबाट आमन्त्रित गरिएको मिति .......... सूचना नं ........ अनुसार तपाइँ समेतले दिनु भएको बोलपत्र/बढाबढको व्योहोरा पेश हुँदा आर्थिक वर्ष ................को रु.......................मा ठेक्का दिने गरी तपाईसंग ठेक्का बन्दोवस्त गर्न मिति .................मा यस जिल्ला विकास समित /नगरपालिका/गाउँ विकास समितिबाट निर्णय भएको हुँदा उर्पयुक्त निर्णयअनुसार तपसिलको शर्त बमोजिमका श्रोतबाट तपशील बमोजिमको क्षेत्रमा स्थानीय निकायको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबूलियत गर्न मन्जूरी भै आउनु भएको हो होइन भनी आज मलाई यस यस ..............................स्थानीय निकायबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो । यसमा तपसीलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबूलियत गर्न मन्जूरी भै उपस्थित भएको छु । तपसीलमा लेखिए बमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपसीलमा लेखिए वमोजिमको मिति भित्र जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिलाई ..............किस्ताको रकम /एकमुष्ट रु.............. बुझाइ मिति.................देखि मिति............................सम्म ...... आर्थिक वर्षको निमित्त ठेक्का चलाउने छु । पछि मैले कुनै कुरामा उजूर गर्ने छैन, गरे यसै कागजबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसंग रकम चलनको कबूलियत लेखी यस जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिमा चढाएँ ।

*तपसील*

(१) तपसीलमा उल्लेख गरिए वमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष .......... को रु ............... आर्थिक वर्ष .......... को रु ................ आर्थिक वर्ष .......... को रु ...............समेत गरी जम्मा रु .................को ठेक्का रकम प्रति किस्ता रु ................ का दरले जम्मा ....... किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी .................... साल ............ गतेदेखि ............ साल तकलाई प्रचलित कानूनको अधीनमा रही ........जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिको आय संकलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका निमित्त स्थानीय निकायको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको स्थानीय निकायबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकीएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी ................जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिलाई किस्ता रकम बुझाउने छु । यसरी आय संकलन गर्दा करदातालाइ दिइने भरपाइ रसिद यसै जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट प्रमाणित गराइ प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न .............. जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क वा दै-दस्तूर इत्यादी लगाई लिइने छैन र यस स्थानीय निकायबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको स्थानीय निकायबाट अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र सजाए हुन मलाई मन्जुर छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मैले यस रकम बापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबूलियत भएका दिन आजै बुझाउनु पर्ने रु……………………सूचनामा उल्लेख भएको स्थानीय निकायको बैंक खातामा जम्मा गरेको नगद बैंक भौचर यसैसाथ सलग्न गरेको छु ।

(४) अन्य किस्ताको हकमा तोकिएको मिति …………………… भित्र यस ………………………… जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिमा बुझाउँदै जानेछु ।

(४) यसमा नियमानुसार लाग्ने आयकर म आफ्नै तर्फबाट व्यहोर्ने छु ।

(५) यो आय संकलन ठेक्का कबुलियत गरी चलन पुर्जी लिनको लागि कूल ठेक अंक रु ………… बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको मिति …………… सम्म म्याद रहेको परफरमेन्स बण्ड / नगद जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिको …………… बैंकमा रहेको खाता नं …………… मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

(६) अन्य आवश्यक कुरा केही भए ……….

किस्ताबन्दी :

………… साल …………… गतेदेखि …………… साल …………… तक ………… वर्ष ………. महिनाको………… जम्मा रु…………. साल ………… तक वर्ष १ को रु ……………. पहिला किस्ता पट्टा कबूलियत भएको मिति आजै ………………………… बुझाउनु पर्ने रु ……………………………

दोश्रो किस्ता ………… साल …………… गते …………… जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिमा बुझाउने रु :

तेश्रो किस्ता ……………………… साल …………… गते …………… जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिमा बुझाउने रु :

| | |
|---|---|
| ठेकेदार वा निजको वारेस : | स्थानीय निकायको सचिव वा निजको अख्तियार प्राप्त अधिकारी |
| दस्तखत | दस्तखत : |
| नाम थर : | नाम थर : |
| ठेगाना : | पद : |
| बाबुको नाम : | |
| बाजेको नाम : | |

साक्षीको नाम, थर, ठेगाना र दस्तखत : १.

२.

इति सम्वत् …………… साल………… गते रोज ………… शुभम्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची - १५० ख

(नियम ८४ ग उप नियम (५) सँग सम्बन्धित)

## पट्टाको फाराम

........................... जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समिति

..................... जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट श्री .................. को नाति श्री........... को छोरा.................... बस्ने वर्ष................. को श्री ................ ले स्थानीय स्वायत्त शासन ऐनको दफा ..... बमोजिम .......श्रोतबाट तपसिल बमोजिमको क्षेत्रमा तपसील बमोजिमको शर्तमा तपसिल बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस यस ............................ जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट आमन्त्रित गरिएको सूचना अनुसार तपाई समेतले दिनु भएको बोलपत्र वा बढाबढ वा ..........(अन्य व्यवस्था) को व्यहोरा पेश हुँदा आर्थिक वर्ष ..............को लागि रु ....................अक्षरेपि ....................................... मा ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोवस्त गर्ने मिति................................ मा जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसीलको शर्त बमोजिम तपसीलमा लेखिएको आय संकलन गर्न मञ्जूरी भै कबूलियत गरी दिनु भएको हुँदा तपाईको कबूलियत बमोजिम तपसीलमा लेखिएको शर्तमा कति घटी बढी नपारी तपसीलमा लेखिए बमोजिम तपसीलमा तोकिएका मिति भित्र तोकिएको ठाउँमा चाहिने ...................... किस्ताको रुपैयाँ बुझाई मिति .................देखि मिति.....................सम्मको निमित्त देहाय बमोजिमका श्रोतहरु बाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको कबूलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवाशुल्क वा दस्तुर असूल गरेको वा देहायमा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेको वा अन्य स्थानीय निकायले कर, सेवाशुल्क वा दस्तुर असूल गरेको प्रमाण हुँदा हुँदै दाहोरो हुने गरी कर, सेवाशुल्क वा दस्तुर असूल गरेको ठहर्‍यो भने तपाईसँग भएको ठेक्का तोडि तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिलाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाँईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असूल उपर गरिने छ पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै यस ............................... जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट ठेक्का चलनको पूर्जी गरी दिइएको छ ।

***तपसील***

(१) तपसीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष .......... को रु ................ आर्थिक वर्ष .......... को रु ............... आर्थिक वर्ष .......... को रु ...............समेत गरी जम्मा रु ..................को ठेक्का रकम प्रति किस्ता रु ............... का दरले जम्मा ....... किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी ..................... साल ............ गतेदेखि ............ साल तकलाई प्रचलित कानूनको अधीनमा रही रकम चलन गर्ने ।

(२) उक्त आय संकलन गर्न निमित्त जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकीएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी .........स्थानीय निकायलाई किस्ता रकम बुझाउने । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट प्रमाणित गराई प्रयोग गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

(३) सो आय संकलन गर्न यस जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट निर्धारण भएको बस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क वा दै-दस्तूर इत्यादी लगाई लिन पाइने छैन र यस जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको कुरा यस जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिबाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारवाही र सजांए गरिने छ ।

(४) अन्य किस्ताको हकमा दोश्रो किस्ता रु. ............मिति .................... भित्र र तेश्रो किस्ता रु. ..............मिति ..................भित्र यस .......................... जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिमा बुझाउनु पर्नेछ ।

(५) यसमा नियमानुसार लाग्ने मूल्य अभिबृद्धि कर तपाईंकै तर्फबाट आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने छ ।

(६) यसमा नियमानुसार लाग्ने आयकर तपाईंकै तर्फबाट नियमानुसार आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) अन्य आवश्यक कुरा केही भए .......

किस्तावन्दी :

............ साल ................ गतेदेखि ...................... साल ................ तक .......... वर्ष ......... महिनाको............जम्मा रु................ साल ............. तक वर्ष १ को रु ................ पहिला किस्ता पट्टा कबूलियत भएको मिति आजै ................................ बुझाउनु पर्ने रु....................................

दोश्रो किस्ता .............साल ................. गते ................ जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिमा बुझाउने रु :

तेश्रो किस्ता ............................. साल ................. गते ............... जिल्ला विकास समिति /नगरपालिका/गाउँ विकास समितिमा बुझाउने रु :

इति सम्वत् ................. साल................. गते रोज ................ शुभम्



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची - १५१
(नियम ९८, १०० र १०१ सँग सम्बन्धित)
(स्थानीय निकायका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरुले दैनिक भत्ता एवं होटल बास खर्च वापत पाउने कुल अधिकतम दर)

१. पदाधिकारी सम्बन्धी :

(क) दैनिक भत्ता (वास खर्च समेत): — अधिकतम दर

| | |
|---|---|
| जिल्ला विकास समितिका सभापति/उप सभापति | रु ५००।- |
| जिल्ला विकास समिति सदस्य | रु ४००।- |
| नगरपालिका प्रमुख/उप प्रमुख | |
| महानगरपालिका | रु ५००।- |
| उप महानगरपालिका | रु ४५०।- |
| नगरपालिका | रु ४००।- |
| नगरपालिका सदस्य: | |
| महानगरपालिका | रु ४००।- |
| उप महानगरपालिका | रु ३५०।- |
| नगरपालिका | रु ३००।- |
| गाउँ विकास समितिको अध्यक्ष/उपाध्यक्ष | रु ३५०।- |
| गाउँ विकास समितिको सदस्य | रु ३००।- |
| स्थानीय निकायका परिषदका अन्य सदस्य | रु ३००।- |

(ख) भ्रमण खर्च

भाडा: हवाइजहाज, रेल, बस आदि सवारी साधन — बिल अनुसार

२. कर्मचारी सम्बन्धी :

(क) स्थानीय निकायका कर्मचारीहरुले पाउने दैनिक भत्ताको दर

| क्र.सं. | तह | पाउने रकम |
|---|---|---|
| १ | प्रथम तहका कर्मचारी | रु. २००।- |
| २. | द्वितीय तहका कर्मचारी | रु. १७० ।- |
| ३. | तृतीय तहका कर्मचारी | रु. १५० ।- |

(ख) स्थानीय निकायका कर्मचारीहरुले भ्रमणमा जाँदा होटल बास खर्च वापत पाउने अधिकतम दर

| क्र.सं. | तह | नगरपालिका र जिल्ला सदरमुकाम | अन्य क्षेत्रमा |
|---|---|---|---|
| १ | प्रथम तह | रु. ३५०।- | रु. १७५।- |
| २. | द्वितीय तह | रु. २५०।- | रु. १२५।- |
| ३. | तृतीय तह | रु. १५० ।- | रु. ७५।- |

३. दैनिक भत्ताको प्रयोजनको लागि मुलुकको वर्गीकरण:

(क) वर्गका मुलुक: युरोप, उत्तर अमेरिका, दक्षिण अमेरिका, क्यारेवियन क्षेत्र, अफ्रिका, पश्चिम एशिया तथा मध्य पूर्व र "ख" वर्गमा उल्लिखित मुलुकहरु बाहेकका एशिया तथा प्रशान्त क्षेत्रका मूलुकहरु।

(ख) वर्गका मुलुकहरु: सार्क क्षेत्रका मुलुकहरु

४. विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता दर (अमेरिकी डलरमा)

| कर्मचारीको तह | "क" वर्गको मुलुकहरुको लागि | "ख" वर्गका मुलुकहरुका लागि |
|---|---|---|
| प्रथम | १२० | ९० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४

| | | |
|---|---|---|
| द्वितीय | १०० | ८० |
| तृतीय | ९० | ७० |

५. नेपालसँग सिमाना जोडिएका भारतीय जिल्लाहरुः

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | सिक्कम | २. | दार्जिलिङ्ग | ३. | पूर्णिया | ४. | सहरसा |
| ५. | मधुवनी | ६. | सितामढी | ७. | चम्पारन | ८. | गोरखपुर |
| ९. | वत्ती | १०. | गोण्डा | ११. | वहराइच | १२. | लखिमपुर |
| १३. | पिलिभित | १४. | नैनीताल | १५. | अलमोडा | १६. | पिथौरागढ |

द्रष्टव्यः

(१) कार्यालयको मोटर प्रयोग गरेकोमा हुने इन्धन खर्च इन्धन वजेटवाट व्यहोर्नु पर्नेछ ।

(२) स्थानीय निकायका पदाधिकारी वा सदस्यले जिल्ला भित्र भ्रमण वा जिल्लाको अनुगमन गर्दा दैनिक भत्ता (वास खर्च सहित) को पचास प्रतिशत मात्र भुक्तानी दिनु पर्नेछ ।

(३) जिल्ला भित्रको हकमा भ्रमण वा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा लिएर मात्र दैनिक भत्ता दिनु पर्नेछ ।

(४) सभापति, प्रमुख र अध्यक्ष तथा सदस्यले के के उद्देश्य र नतिजाको लागि भ्रमणमा गएको हो सो को विवरण ३/३ महिनामा समीक्षाका लागि सम्बन्धित बोर्डमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**

**बालकृष्ण प्रसाई**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रू. २०।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।